# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ असार २०८०

# सोमवार

# बैठक सङ्ख्या- २०

राष्ट्रिय सभाको आजको बैठक माननीय उपाध्यक्ष श्री उर्मिला अर्यालको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको (के भो' माननीयज्यू?)

(१३:०३ बजे, माननीय राधे श्याम पासवानले टेबुल ठोकेर केही कुरा राख्न खोज्नुभएको ।)

(माननीय राधे श्याम पासवान, माननीय भुवन वहादुर सुनार, माननीय सिंग वहादुर विश्वकर्मा, तुल प्रसाद विश्वकर्मा आआफ्नो स्थानअगाडि उभिनुभएको ।)

(१३:०३ बजे) **माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, मिति २०७९/११/२२ सिराहा जिल्ला भगवानपुर गाउँपालिका

अध्यक्ष..... सामुहिक भोजमा दलित समुदाय र मुस्लिम समुदायलाई छुट्टाछुट्टै भोज ख्वाइयो । र पटक पटक हामी यो हामी यो विषयमा हाउसमा पनि बोल्यौं । तर मानव अधिकार आयोगको दलित आयोगबाट अनुसन्धान पनि गयौं । मुद्दा दर्ता भयो तर हालसम्म कारबाही अहिलेसम्म हुन सकेन । जब कि संविधानको धारा २४ ले छुवाछुत भेदभाव हकको व्यवस्था गरेको छ । कुनै पनि मानवलाई भेदभाव गर्नुहुँदैन । तर पनि भेदभाव गर्दा पनि कानुन कार्यान्वयन गरेको छैन ।

अर्को भर्खरै हाम्रो दाङको तुलसीपुरमा दलित विद्यार्थीलाई जातको थाहा पाएपछि तपाईंको उसको घरडेराबाट बाहिर निकालियो । तीन दिन बस्यो अनि घरबाट बाहिर निकालियो । यसरी ससरी जिल्लामा तपाईंको अन्तरजातीय विवाह भो' । अन्तरजातीय विवाह गरेको कारण एउटा अदालतले तपाईंको अन्तरजातीय विवाहको विवाह दर्ता प्रमाणपत्र दिन्छ । अर्को अदालतले तपाईंको यसलाई मुद्दा चलाउँछ । त्यसकारणले हामीले यो अहिलेसम्म अपमान सहँदै आऊ । यो सम्पूर्ण समाजमा अहिले अशान्ति छाएको छ । त्यसकारणले हामीलाई न्याय चाहिएको छ । कानुनी राजमा कानुनको शासन हुनुपर्छ । कानुनी व्यवस्थामा कानुनद्वारा कारबाही हुनुपर्छ ।तर हालसम्म कारबाही भएको छैन । सबभन्दा बढी त जो कानुनलाई पालन गर्ने व्यक्तिहरू छन् । जहाँ एसपी, सीडीओहरू छन् । अब त्यो व्यक्तिहरूलाई कारबाही हुनुपर्यो । हामीले प्रशासनलाई कारबाही माग गर्छौं । त्यो अपराधले कारबाहीको माग..... । एसपी, सीडीओ जहाँको छ त्यसलाई कारबाही हुनुपर्यो । हाम्रो त्यो भनाइ हो । त्यसको लागि हामी आज उठेको छौं हाउसमा ।

(१३:०५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, बस्नुहोस् । माननीय सदस्यहरू, बस्नुहोस् । यहाँहरूले अब गम्भीर कुरा उठाउनुभएको छ । त्यसमा ध्यानाकर्षण भएको छ सदनको । म यहाँहरूलाई बस्नुहुन अनुरोध गर्छु ।

माननीय सदस्यहरू, यस विषयमा सभाको ध्यानाकर्षण भएको छ । यस विषयमा सरकारलाई के भएको हो । आवश्यक कारबाही गरी सभालाई जानकारी गराउन ध्यानाकर्षण गराउँदछु । र अवश्य पनि सरकारबाट यो । जवाफ आउने छ । यहाँहरूसँग म बस्न अनुरोध गर्छु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्य कार्यभार तोकिएकोसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा क्रमशः

जानकारी गराउँछु ।

विषयः कार्यभार तोकिएको सम्बन्धमा ।

माननीय उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्का ओमानको मस्टकमा आयोजना हुने गैरआवासीय नेपाली संघको आठौं मध्यपूर्वी क्षेत्रीय सम्मेलनमा प्रमुख अतिथिको रूपमा सहभागी हुन २०८० असार १२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयम्ले सम्हाल्नुहुने बेहोरा अनुरोध गर्दछु ।

माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तको छेङ्दुमा आयोजना हुने नाइन्टिन्थ वेस्टर्न चाइना इन्टरनेसनल फेयरमा सहभागी हुन २०८० असार १२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयम्ले सम्हाल्नुहुने बेहोरा अनुरोध गर्दछु ।

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी ओमानको मस्टकमा आयोजना हुने गैरआवासीय नेपाली संघको आठौं मध्यपूर्वी क्षेत्रीय सम्मेलनमा सहभागी हुन २०८० असार १३ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०३/१२

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । यसअन्तर्गत वन तथा वातावरण मन्त्रालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहरी विकास मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बन्धी विनियोजित शीर्षकहरूमाथि छलफल हुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम, १३४ बमोजिम वन तथा वातावरण मन्त्रालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद

मन्त्रालय, सहरी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि क्रमशः माननीय इन्दिरा देवी गौतम, माननीय भगवती न्यौपाने, माननीय सोनाम गेल्जेन शेर्पा, माननीय सुमित्रा वि.सी. र माननीय नरपति लुवारबाट खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएका छन् ।

माननीय सदस्यहरू, अब म खर्च कटौतीको प्रस्तावको प्रस्तावक माननीय इन्दिरा देवी गौतमलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजैका लागि निर्धारित मन्त्रालयका विनियोजित शीर्षकमाथिहरूको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

(१३:१० बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८०/०८१ अन्तर्गतको वन तथा वातावरण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव पेस गर्दछु ।

अध्यक्ष महोदय, सरकारले प्रस्तुत गरेको वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष ०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रमको बारेमा आफ्ना कुराहरू राख्ने अनुमति चाहन्छु । हाम्रो देश प्राकृतिक सम्पदाले भरिपूर्ण हुँदाहुँदै पनि हाम्रा अदुरदर्शी, अपारदर्शी योजना नीति तथा कार्यक्रम ऐन, कानुन आदिका कारण । हाम्रा प्राकृतिक स्रोत साधनहरू र सम्पदाको संरक्षण र उपयोग गर्न नसक्दा दिन प्रतिदिन अव्यवस्थित हुँदै गइरहेका छन् । एकातर्फ यसै खेर गैरहेको छ भने अर्को तर्फ मानवीय अतिक्रमणले प्राकृतिक सम्पदा र मानवीय जीवन नै जोखिममा परिरहेको छ । जल, जमिन र जङ्गल सम्पूर्ण जीवन जगतसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रको संरक्षणमा संवेदनशील हुनुपर्ने अवस्था छ । तर हाम्रा नीति तथा कार्यक्रमहरू कागजी नारामा मात्रै सीमित हुने व्यवहार र कार्यान्वयनमा प्रायः निष्क्रिय, प्रभावहीन हुने हुनाले परिणाममुखी ..... सकेको छैन ।

अध्यक्ष महोदय, सरकारको नीति तथा कार्यक्रममा नै वन तथा वातावरण संरक्षणमा जेजस्ता प्रावधान र प्रतिबद्धता आउनुपर्थ्यो । सोअनुसार उल्लेख्य रूपमा आएको छैन । बजेटमा समेत यस विषयलाई महत्त्व दिइएको पाइएन । बिग्रदो वातावरण र विश्वव्यापी रूपमा मौसम परिवर्तनको सङ्कटका कारण आउँदा दिनहरूमा देखिने, भोगिने, भयावह स्थितिलाई बजेटले सोअनुसार सम्बोधन गरेको पाइएन । प्रस्तुत बजेटलाई सरसर्ती हेर्दा विनियोजन विधेयक, २०८०/०८१ को सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम र यस वर्षको बजेट विनियोजनबिचमा नि तादात्म्य मिलेको देखिँदैन । त्यसमा पनि बजेटलाई साना साना टुक्रे

आयोजना र कार्यक्रममा तीन लाख, चार लाख, पाँच लाख, ६ लाख गरेर विनियोजन गरेर सरकारले कनिका छरेजस्तो बजेटबाट हाम्रो महत्त्वाकाङ्क्षी लक्ष्यहरू पूरा हुन्छ भन्ने आसा र विश्वास के आधारमा गर्ने ।

अध्यक्ष महोदय, कसैको दबाब र प्रभावमा परेर स्थानीय तह, प्रदेशस्तरबाट गरिन सकिने साना साना योजना कार्यक्रमहरूको लागि संघीय बजेटमा रकम विनियोजन गरी राष्ट्रिय महत्त्वका अति आवश्यक दीर्घकालीन योजना, आयोजनाहरूलाई ध्यान पुऱ्याएको पाइएन । गत वर्षको वन तथा वातावरण मन्त्रालयको वार्षिक विकास कार्यक्रमहरूको बजेट शीर्षकहरू र बजेटको बाँडफाँटमा यस वर्षको शीर्षक र बजेटमा खासै अन्तर देखिएन । प्रत्येक वर्ष एउटै अध्ययन, अनुसन्धान गर्ने भनेर बजेट छुट्याइएको हुन्छ । तर अघिल्लो वर्षको अध्ययन, अनुसन्धानबाट आएको सुझाव वा निष्कर्षलाई हामीले कतिको कार्यान्वयन गर्यौं । त्यसमा थप आगामी वर्ष के कस्ता योजना र कार्यक्रमहरू ल्याउनुपर्छ भन्ने कुरा सम्बोधन गरेको देखिँदैन । यदि कार्यान्वयन नगर्ने हो भने त्यसका लागि छुट्याइएको बजेटको औचित्य के हुन्छ?

अध्यक्ष महोदय, हरियो वन नेपालको धन भन्ने प्रचलित नारा मात्र नारामा नै सीमित छ । हामीलाई चाहिने काठ काठका फर्निचरहरू विभिन्न देशबाट आयात गरिरहेका छौं । तर आफ्नै देशभित्र रहेको वनको उचित व्यवस्थापन गरेर खेर गैरहेका काठ काँटछाँट गरी निकाल्न सकिने काठहरू बजारमा उपलब्ध गराउन सकेको खण्डमा बाहिरबाट आयात गर्नुपर्ने । अवस्थालाई क्रमशः अन्त्य गर्न सकिने थियो । त्यसै गरी यसबाट वैदेशिक मुद्रा सञ्चितिमा समेत योगदान पुग्न सक्थ्यो । थोरै भए पनि रोजगारी सिर्जनामा गर्न टेदा पुग्ने थियो । वनलाई जोगाउनुपर्दछ । तर जोगाउने काममा प्रयोग गर्न मिल्ने र गर्न सकिने काम पनि नगरेर ठोस् नीति योजनाका अभावमा आजसम्म जङ्गलका काठहरू सडेर, बिग्रिएर नाश भएर गैरहेको छ । उपयोग गर्न सकिने काठको प्रयोग गर्न पाउने व्यवस्था गर्नुपर्दछ । हामीसँग भएका प्राकृतिक जङ्गल र रुख बिरुवाहरूलाई संरक्षण र व्यवस्थित गर्दै प्रयोग पनि गरौं र अब नयाँ रुख बिरुवाहरू लगाउँदा ८/१० वर्षमा नै काठ उपलब्ध हुन सक्ने, बिक्री गर्न सकिने, फर्निचरहरू बनाउन सकिने खालका बिरुवाहरू पनि रोपौं । अब विकास गरिने जङ्गलमा अक्सिजनको मात्र बढी भएका रुख, बिरुवामा पनि ध्यान दिँदै दस, बाह्र वर्षे रुख पनि रोप्न सक्यौं भने एउटै रुखबाट लाखौं आमदानी गर्ने सम्भावनाहरू हुन्छ । साथै प्रत्यक घर निर्माण गर्दा कम्तीमा तीनओटा रुख रोप्ने हरेक उद्योगले आफ्ना परिसरमा रुख रोपेर हुर्काउनुपर्ने कार्यलाई कडाइका साथ लागु गरियोस् । वनको वैज्ञानिक उपयोग गर्ने र जनजीवनमा वनलाई जनताको आर्थिक र प्राकृतिक जीवनसँग जोड्ने कुरामा प्रभावकारी काम हुन सकेको छैन ।

अध्यक्ष महोदय, यसै गरी वन्यजन्तु आरक्षण र तिनहरूको दीर्घकालीन संरक्षणका लागि अपनाउनुपर्ने नीतिगत समस्या देखिएको छ । अत्यन्त दुर्लभ मानिने नेपाली गैंडा गत वर्षमा धेरै मारिएका छन् । बाघ र मृगहरूको सङ्ख्यामा हरेक वर्ष वृद्धि हुँदै गएको छ । एकातर्फ यिनीहरूको सङ्ख्यामा वृद्धि हुनु सकारात्मक हो भने अर्कोतर्फ उनीहरूको बासस्थानको अभावको कारण यस क्षेत्रको जनताको दैनिकी जीवनमाथि आक्रमण पनि बढ्दो छ । यिनीहरूको उचित संरक्षण सँगसँगै यसको वैज्ञानिक व्यवस्थापन गर्नेतर्फ हाम्रो ध्यान जान आवश्यक छ । जङ्गली जनावरको सङ्ख्या वृद्धिसँगै यसबाट जनजीवनमा उत्पन्न हुने सक्ने समस्याहरूको समाधानको लागि सरकार ठोस् नीति मात्र होइन नीतिअनुसारको कार्य योजना त्यसको लागि आवश्यक बजेट व्यवस्था गरी सोहीअनुसार कार्यान्वयनको प्रतिबद्धता बजेटमा प्रस्तुत भएको पाइएन ।

अध्यक्ष महोदय, अहिले बढ्दो सहरीकरणका कारण हाम्रा सहरहरू अत्यन्त अव्यवस्थित र भद्रगोल अवस्थामा छन् । वातावरणीय हिसाबले विश्वका अत्यन्त जोखिम अवस्थामा हाम्रा सहरका बस्तीहरू पुगेका छन् । बढ्दो सहरीकरण नियन्त्रण र वातावरण जोखिम नियन्त्रण समयमा नगर्ने हो भने हाम्रा सहरहरू बसोबासका लागि अनुपयुक्त बन्दै जाने छन् । बढ्दो जनसङ्ख्या, वातावरण प्रदूषण गर्ने यातायातका साधनहरू बढ्दो फोहोर मैला, अव्यवस्थित सडक र ढलजस्ता कारण सहरको वातावरणीय अवस्था दयनीय हुँदै गएका छन् । यसको नियन्त्रणका लागि हामीले बेलैमा अनियन्त्रित सहरीकरणलाई व्यवस्थित र वातावरण प्रदूषण गराउने सबै किसिमका यातायातका साधन, ढल तथा फोहोर व्यवस्थापनजस्ता विषयमा ठोस् र योजनाबद्ध हिसाबले प्रयास गर्नुपर्ने अवस्था छ । तर सरकारको नीति तथा कार्यक्रम र बजेटले यस विषयलाई गम्भीरताका साथ लिएको पाइएन । (अध्यक्ष महोदय मलाई १ मिनेट थपिदिनुहोला ।)

अध्यक्ष महोदय, केही वर्ष यता जलवायु परिवर्तनका कारण अति वर्षा खडेरी अति खडेरी, गर्मीबाट जनजीवन नराम्रोसँग प्रभावित भैरहेको छ । हरेक वर्ष बाढीपहिरो, कटान, डुबान आदिको जोखिम भोगिरहेका छौं । जसका कारण निकै ठुलो धनजनको क्षति भैरहेको छ । वातावरण जोखिमलाई निम्त्याउने अर्को कारण कमलो जमिन जथाभाबी उत्खनन र नदीहरूको जथाभाबी उत्खनन जसका कारण हाम्रा नदीहरूमा त्यस वरिपरिका बस्तीमा नकारात्मक प्रभाव पर्दै गएको छ । यस्तो कार्यलाई नियमन गर्ने प्रभावकारी नियमहरूको अभावमा अनियमितता र जथाभाबी उत्खननका कार्यहरू बढिरहेको छ । यसको नियमन र नियन्त्रणका लागि सरकारले ठोस् कार्यक्रम ल्याउनुपर्दछ ।

अध्यक्ष महोदय, हामी विभिन्न उद्योगहरू सञ्चालन गर्ने भनिरहेका छौं । यस सम्बन्धमा वातावरणमैत्री तथा ऐन, कानुन बनाएर मानिसको बसोबास रहेको बस्ती प्राकृतिक रूपमा रहेका जीवजन्तु चराचुरुङ्गीलाई समेत असर नपर्ने गरी तिनको संरक्षणमा ध्यान दिएर प्राकृतिक सम्पदानको विनाश हुने गरी प्रदूषणमूलक उद्योगधन्दाहरू, उद्योग मात्र सञ्चालन गर्न दिइनुपर्दछ । वातावरण प्रदूषणको अर्को कारण प्लास्टिकजन्य नकुहिने वस्तुहरूको प्रयोग र त्यसको उचित व्यवस्थापन नगराउँदा जताततै फालिएका फोहरहरूले सहर बजार फोहोरी देखिनुका साथै यसले जमिन र रुख .....(समय सकिएको) ।

(१३:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय भगवती न्यौपानेलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

(१३:१९ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयअन्तर्गतको विनियोजित बजेटमा खर्च कटौती गरी एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव राख्न चाहन्छु । वास्तवमा सरकारले बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्‍यो । बजेटको सैद्धान्तिक पक्ष, बजेट नीति कार्यक्रम प्रस्तुत गर्‍यो । र बजेट वक्तव्यसम्म आइपुग्दाखेरि अहिले बजेट विनियोजित बजेटसम्म आइपुग्दाखेरि तालमेल किन देखिराखेको छैन? सरकार उही हो । प्रधानमन्त्री परिवर्तन हुनुभएको छैन । अर्थमन्त्री परिवर्तन हुनुभएको छैन । अरू कुनै पनि मन्त्रीहरू परिवर्तन हुनुभएको छैन । तर तालमेल किन भइराखेको छैन? यो बुझ्न हामीले सकिरहेका छैनौं ।

वास्तवमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले कसका निम्ति नीति बनाउछ? कसका निम्ति कार्यक्रम ल्याउछ? कसका निम्ति बजेट विनियोजन गर्छ? प्रष्ट छ । यो देशको आधा हिस्सा ओगट्ने महिलाहरूको निम्ति आधा शक्ति महिलाहरूको निम्ति बजेट विनियोजन गर्छ । नीति कार्यक्रम बनाउँछ । योजना तर्जुमा गर्छ । तर हामीलाई लाग्छ । यो सरकार, राज्य अहिले पनि पितृसतात्मक सोचबाट ग्रसित छ । आधा शक्ति महिलाहरूमाथि उपेक्षा गर्छ । त्यसैले अहिले पनि महिलाहरूलाई घरेलु दासको रूपमा राख्न चाहन्छ । यो बजेट हेर्दै गर्दा यो आभास हुन्छ । जेष्ठ नागरिकहरू जो अत्यन्तै एउटा राम्रो वातावरण दिन

नसके अत्यन्तै कष्टकर दिनहरू बिताउनुपर्ने उमेर समूहको हुनुहुन्छ । त्यो सबैले भोग्नुपर्छ । जेष्ठ नागरिकहरूलाई उपयुक्त वातावरण दिएर, उहाँहरूका दिनहरूलाई जीवनको उत्तरार्थका दिनहरूलाई खुसी बनाएर उहाँहरूलाई त्यो उपयुक्त वातावरण दिने कुरामा सरकार चुकेको छ । जेष्ठ नागरिकहरूका निम्ति त्यो खालको वातावरण दिने गरी कार्यक्रमहरू आएको पाइँदैन । त्योअनुसार बजेट विनियोजन भएको पाइँदैन ।

अर्को बालबालिकाहरू आजका शिशुहरू जो भोलिका योग्य नागरिक बन्न सक्छन् । ती बालबालिकाहरूको निम्ति उनीहरूको सर्वाङ्गीण विकासको निम्ति त्यही ढङ्गले बजेट विनियोजन गरेको पाइँदैन । बालबालिकाहरूको निम्तिसमेत सरकारले उपेक्षा गरेको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरू जो विशेष एउटा क्षमताका व्यक्तिहरू हुनुहुन्छ । उहाँहरूलाई केही विशेष व्यवस्थाहरू गर्नुपर्छ । संविधानले पनि केही विशेष व्यवस्था गरेको छ । तर त्योअनुसार अपाङ्गता भएका व्यक्तिहरूको निम्ति पनि बजेट त्यही ढङ्गले विनियोजन भएको पाइँदैन । त्यसैले यो सरकार महिलाहरूप्रति, जेष्ठ नागरिकहरूप्रति, बालबालिकाहरूप्रति, अपाङ्गता भएका व्यक्तिहरूप्रति यो सरकार संवेदनशील छैन । संवेदनहीन छ । मैले यो बजेट पढे । विनियोजन गरेको बजेट पढ्दै गर्दाखेरि यहाँ अहिले पनि १ लाखका बजेट, ५ लाखका बजेट विनियोजन गरिएको छ । अनावश्यक शीर्षकहरूमा बजेट विनियोजन गरेको छ । आवश्यक शीर्षकहरूमा बजेट विनियोजन गरेको पाइँदैन । सरकारले किन यसरी बजेट छर्छ? यो स्थानीय तहले, वडाले पनि गर्नु नहुने कार्यक्रमहरू १ लाख वडाले पनि बजेट विनियोजन गरे यो देश बन्दैन । ५ लाखका बजेट विनयोजन गरेर सङ्घले विनियोजन गरेर यो देश बन्दैन । हामी काहीँ पुग्न सक्दैनौं । यो पटक पटक प्रश्न गरिएको छ । तर पनि यो सरकारले किन बेवास्ता गरिराख्छ? सङ्घीयताको मर्मलाई किन बुझ्दैन? सङ्घीयताको भावनालाई किन बुझ्दैन? सङ्घीयतालाई यो सरकारले किन उपेक्षा गरिरहेको छ? त्यसेले त आज सङ्घीयताप्रति धेरै वितृष्णा बढिरहेको छ । सरकारका यस्तै हर्कतले गर्दा, सरकारका यस्तै क्रियाकलापले गर्दाखेरि आज सङ्घीयताप्रति नै जनताको एउटा वितृष्णा बढिरहेको छ । त्यसैले म यसतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

आज, हिजो चालु आर्थिक वर्षमा महिला, बालबालिका तथा जेष्ठ नागरिकका निम्ति जति बजेट विनियोजन भयो । पूँजीगततर्फ आज पत्रपत्रिकाहरूमा आइराखेको छ । अत्यन्तै न्यून खर्च भयो । ४० प्रतिशत पनि कति मन्त्रालयहरूले खर्च गर्न सकिरहेका छैनन् । अब जम्मा दुई हप्ता पनि बाँकी छैन । यो आर्थिक वर्ष सकिन । त्यस मध्ये पनि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयअन्तर्गत पूँजीगततर्फ १० दशमलव जिरो पोइन्ट नौं प्रतिशत मात्रै

खर्च भएको छ । यस्तो किन हुने गर्छ? यो किन यति मात्रै खर्च भयो? म मन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु । यो बारेमा, जानकारी पनि लिन चाहन्छु । प्रष्ट पारिदिनुहुन पनि म आग्रह गर्न चाहन्छु । त्यस्तै महिला, राष्ट्रपति महिला उत्थान कार्यक्रम यो कार्यक्रम उल्लेख गरिएको छ । बजेट पनि विनियोजन गरिएको छ । तर यो कार्यक्रमअन्तर्गत पर्याप्त मात्रामा रकम विनियोजन गरिएको छैन । त्यसैले म फेरि पनि जोडदिएर भन्न चाहन्छु । महिलाहरू आत्मनिर्भर बनौं । उनीहरूको क्यापासिटी बिल्डअप प्रोग्रामहरू सञ्चालन गर्नेतर्फ यो सरकारले ध्यान दिएको छैन । आत्मनिर्भर बनुन् भन्नेतर्फ ध्यान दिएको छैन । त्यस्तो खालको एउटा सृजनशील कार्यक्रमहरू सञ्चालन गरेर महिलाहरूलाई आयआर्जन गर्ने उनीहरूलाई आर्थिक रूपमा उनीहरुको उन्नतिहोस् भन्ने उद्देश्यका साथ यो बजेट विनियोजन भएको पाइँदैन । त्यसै गरेर महिलाहरूको गर्भाअवस्थामा पोषण दिने कुरा र गर्भाअवस्थामा पोषण दिने जसले गर्दा बच्चाको राम्रो विकास होस् भन्ने उद्देश्यका साथ त्यो व्यवस्था गरियोस् भन्ने म भन्न चाहन्छु । र शिशु जन्मिसकेपछाडि आमा र शिशुलाई, शिशुलाई कम्तिमा ३ वर्षसम्म पोषणको व्यवस्था गरिनुपर्छ । वास्तवमा महिलाहरू शिशु, शिशुको कुरा गर्दै गर्दाखेरि त्यो आमा र बुबासँग मात्रै सम्बन्धित छैन । ती बालबालिकाहरूको विकासको कुरा परिवारसँग मात्रै सम्बन्धित, परिवारसँग मात्रै सम्बन्धित छैन । यो विषय, यो विषय सिङ्गो देशसँग सम्बन्धित छ । आजका बालबालिकाहरू भोलिका योग्य नागरिक बन्नुपर्छ । त्यसैले ती बालबालिकाहरूको स्वास्थ्यमा राम्रो स्वास्थ्य बन्यो भने भोलिसम्म उनीहरूको स्वास्थ्य राम्रो हुने हो र उनीहरूले देशलाई योगदान गर्न सक्ने हो । त्यसकारणले यसतर्फ राज्यको ध्यान राम्रोसँग पुग्न सकेको मलाई लागेन । त्यसतर्फ म ध्यान जाओस् भनेर म भन्न चाहन्छु ।

त्यस्तै गरेर महिला, बालबालिका विभाग खारेज गरेको, खारेज गरियो भनेर बजेट वक्तव्यमा भनिएको छ । बजेटमा उल्लेख गरिएको छ । तर कर्मचारीहरू महिला, बालबालिका विभागमा पनि कर्मचारीहरूको ..... लागि तलब भत्ताको व्यवस्था गरिएको छ । यो कसरी भयो? यो किन भयो? यो विषयमा पनि प्रष्ट हुन चाहन्छु ।

त्यस्तै गरेर जेष्ठ नागरिक ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने ..... जेष्ठ नागरिक मिलन केन्द्रमार्फत अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने भनेर भनिएको छ । त्यस्तै काठमाडौंमा, काठमाडौंको गोठाटारमा १६५ क्षमताको, १६५ जना क्षमताको बृद्धाश्रम राख्ने भनेर भनिएको छ । त्यस्तै ४१ बेडको हस्पिटल पनि स्थापना गर्ने भनिएको

छ । म ध्यानाकर्षण गराउन चाहन्छु । मन्त्रीज्यूको, म सरकारको ध्यानाकर्षण गराउन

चाहन्छु । जेष्ठ नागरिकहरू देशैभरि हुनुहुन्छ । त्यसैले देशैभरी बृद्धाश्रमको लागि आवश्यक छ । यस्ता कार्यक्रमहरू यो शीर्षकमा बृद्धाश्रमको शीर्षकमा प्रत्येक प्रदेशमा बजेट विनियोजन गर्न आवश्यक छ । त्यसले गर्दाखेरि सातै ओटा प्रदेशमा बृद्धाश्रम गर्ने, बृद्धाश्रम निर्माण गर्ने गरी बजेट विनियोजन गरियोस्  म यो भन्न चाहन्छु । त्यस्तै गरेर हस्पिटलको पनि व्यवस्था गरियोस् । म यो भन्न चाहन्छु ।

(म अलिकति समय किनभने मैले यो महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएको एउटा सम्वेदनशील विषयमा व्यक्ति नागरिकहरुको विषयमा बोल्दैछु । म समाननीय अध्यक्षज्यूलाई एक मिनेट समय थप दिन पनि अनुरोध गर्दछु ।) यस्तै गरेर चालु आर्थिक वर्षमा जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गर्ने भनेर जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गर्ने भनेर १ करोड असी लाख विनियोजन गरिएको थियो । कहाँ कहाँ जेष्ठ नागरिक मिलनको स्थापना गरियो? कहाँ त्यस्ता कार्यक्रमहरू सञ्चालन गरियो? कस्ता कार्यक्रमहरू सञ्चालन गरियो? कति रकम खर्च गरियो? यो विषयमा पनि प्रष्ट पार्नका निम्ति म अनुरोध गर्न चाहन्छु ।

एकातिर सरकारले फजुल खर्च घटाउने भनेर भनिराखेको छ । अर्कोतिर यो बजेटमा फर्निचरका निम्ति, गाडीका निम्ति भनेर, मोटरसाइकल खरिद गर्नका निम्ति भनेर पर्याप्त रूपमा बजेट विनियोजन गरिएको छ । यसरी फजुल खर्च घटाउन सकिन्छ कि सकिँदैन? म सरकारलाई सोध्न चाहन्छु । चालु आर्थिक वर्षमा पनि प्रत्येक मन्त्रालयलाई छुट्टाछुट्टै पुस्तकालय सुदृढीकरण गर्नका निम्ति भनेर १ लाख रुपैयाँ विनियोजन गरिएको थियो । १/१ लाख रुपैयाँ । र अहिले पनि १ लाख रुपैयाँ छुट्याइएको छ । पुस्तकालय सुदृढीकरण गर्न भनेर छुट्याइएको १ लाखभन्दा प्रत्येक वर्ष यसरी छुट्याउनुभन्दा एउटा व्यवस्थित पुस्तकालय ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय सोनाम गेल्जेन शेर्पालाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

**(१३:३१ बजे) माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, मैले केही कुरा राख्न चाहेँ, खर्च कटौतीभन्दा पनि अगाडि । दुई तीनवटा कुरा मलाई खड्केको कुरा के हो भन्दाखेरि यहाँ हामी संसदहरू छौं । संसदहरूमा पनि हामी

तीनस्तरको संसदहरू रहेछौं । एउटा पहुँचवाला सांसद, मन्त्री सन्त्री हुने, के हुने, सांसद हुने ठुलै बजेट लाने, एउटा सांसद यसो थर्काएर, सर्काएर भए पनि यसो विरोध गरेर पनि अलि अलि पैसा लाने, अनि हामीजस्तै हिमालबाट आ'का, अलिकति उत्पीडित जातिबाट आ'का, अलिकति पिछडिएका जातबाट आ'काहरू चा तेस्रो दर्जाको सांसद पर्दा रैछौं । न बजेट लान सक्छ, न के गर्न सक्छ । अनि यहाँ आयो सचिवको मा गयो, सचिवले पनि ढाँट्ने । यसपालि त बजेटै छैन किनभने हाम्रा राष्ट्रिय गौरवका योजनाहरू बनाउनुपर्छ । हाम्रा नियमित कार्यक्रमहरू छ, त्यसमा लाउनुपर्छ । हाम्रो अर्थतन्त्रै यस्तो छ, डामाडोल छ भनेर ढाँट्दिने । अनि हामी सोझो मान्छे, हिमालको मान्छे पत्याइदिने । अनि पत्याएपछि यसो बजेट हेर्यो बजेट हेरिसकेपछि त मन्त्रीको मा यति, फलानोको मा यति, अनि ठुलठुला नेताहरूको मा यति, अनि हाम्रोमा बजेटै नहुने ।

तर मलाई के कुरो भन्न मन लाग्यो भन्दाखेरि यति हुँदा हुँदै पनि यो देशमा संघीय चैं अब आवश्यकता रैछ भन्ने कुरो बुझियो, यो कुराबाट । केही न केही संघीयताले गर्दाखेरि गाउँपालिकामा बजेट भो', प्रदेशमा बजेट भो' । त्यो बजेटबाट हामीले पनि केही सिस्टममा एउटा बजेट पायौं । नत्र भने त यो संघीयता पनि नहुने हो भने त हामीले त केही पनि नपाउने रहेछौं । न हामी यो देशको नागरिकतै गन्ने रैछौं, न हामी यो देशको हामी क्षेत्रै गन्ने रैछौं । त्यसकारण हामीले केही नपाउने रैछौं । त्यसकारण यो देशको लागि अब संघीयता भनेको आवश्यकता हो भन्ने कुरा यो बजेट बाँडफाँटले पनि देखायो । त्यसकारणले म भन्न चाहन्छु, त्यसकारण यो देशमा संघीयता आवश्यकता छ । कसलाई आवश्यकता छ भन्दाखेरि पावरमा बस्ने मान्छेलाई आवश्यकता छैन । त्यहाँ बस्ने मन्त्रीलाई आवश्यकता छैन । ठुलठुला सांसदहरूलाई आवश्यकता छैन । म जुन ठाउँबाट आ'को छु, त्यो ठाउँको लागि चैं संघीयता आवश्यकता छ । सगरमाथाको क्षेत्रको लागि संघीयता आवश्यकता छ । सोलुखुम्बुको लागि संघीयता आवश्यकता छ । हिमाली क्षेत्रको लागि संघीयता आवश्यकता छ ।

त्यसकारण यो बजेटको विषयमा त धेरै कुरा के नगरौं । हामी त दोहोरी खेल्न साह्रै सिपालु हो । हामी त साह्रै सुन्छौं, दोहोरी यति राम्रो खेल्छौं । एउटाले ठ्याक्क दिन्छ, अर्कोले उत्तर दिन्छ । नेपालमा मैले माफ माग्ने दुइटा मात्रै ऊ देखेको छु । एउटा प्लेनमा माफ माग्दो रैछ । प्लेन ढिलो भो' भने सरी ढिलो भो' यता उती भनेर माफ माग्दो रैछ । एउटा टेलिफोनले चैं ऊ गर्यो भने माफ माग्दो रैछ । टेलिफोनले सरी तपाईं माफ गर्नुहोला सम्पर्क हुन सकेन भनेर माफ माग्दो रैछ । तर अरूले त जति सत्य कुरा गरे पनि मन्त्रीहरू आउनुहुन्छ, बोल्नुहुन्छ, फेरि एउटा तर्क गर्नुहुन्छ, बोल्नुहुन्छ, आफ्नो कुरा माथि राख्नुहुन्छ । यसरी हामी दोहोरीमा रमाउने देश संसारमा काहीं पनि छैन । मैले यति भनें ।

अब मैले यहाँ राख्न चाहेको विषय के हो भने यो युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी केही कुरा राख्न चाहन्छु । मैले देखेको मैले सरसर्ती पढें । पढिसकेपछि युवाहरूलाई हाम्रो देशमा राजनीति बढी भो' । हरेक ठाउँमा राजनीति बढी भो' । अझै पनि यो किताबमा हेर्‍यो भने संसदको प्र्याक्टिस गर्ने, संसद प्र्याक्टिस गर्ने, मुद्दा मामिलाको लागि सुनवाइ गर्ने, त्यस्ता त्यस्ता कार्यक्रम आ'को छ । अब त हामीले युवाहरूलाई नैतिक शिक्षा पढाउन जरुरी छ । हामी नैतिकविहीन भयौं । युवादेखि नै नैतिकविहीन भयौं । त्यसकारण हामीले नैतिक शिक्षा पढाउन जरुरी छ । त्यसकारण नैतिक शिक्षाको विषयमा पनि अलिकति हालौं कि, यो विषयमा युवाहरूलाई । हामी युवाहरूलाई के दिन सक्छौं त? योग्यताअनुसारको काम, कामअनुसारको दाम । यो मान्यताबाट हामी अगाडि बढ्न सक्यौं भने यो देशको युवाहरू यहीं रहने खालको एउटा वातावरण हुन सक्छ । नत्र भने हामी युवा युवा भन्छौं, हजारौं मान्छे विदेसिएको छ । त्यो विदेसिनेहरूलाई पनि राम्रो खालको ट्रेन गरौं न त । राम्रो खालको तालिम गरेर पठाऊँ । इलेक्ट्रिकको ट्रेनिङ हुन्छ, प्लम्बिङको ट्रेनिङ हुन्छ, खानाको ट्रेनिङ हुन्छ । राम्रा राम्रा ट्रेनिङ गरेर पठाऊँ न । विदेशको भूमिमा गएर पनि उसले राम्रो खालको पैसा कमाएर नेपालको अर्थतन्त्रलाई चैं सगाउ पुर्‍याउँछ त्यसले युवाहरूलाई । तर हामी युवाहरू गइराको छ भन्छौं, त्यसलाई पनि वास्ता गर्दैनौं । यहाँ बसिराको युवा त बेरोजगार छँदै छ, त्यसलाई पनि वास्ता गर्दैनौं । त्यसकारण यस्ता कुरालाई राख्नुभन्दा पनि हामी अब नैतिक पाठ पढाएर राम्रो खालको चैं सिपमूलक कार्यक्रमहरू सिकाएर उनीहरूलाई, युवाहरूलाई व्यवस्थित गर्नेतिर हामी लाग्नुपर्छ जस्तो मलाई लाग्दछ । हामीले मूल्याङ्कन गर्‍यौं । हामीले गर्न सक्दो रैछ नि त ।

विगतका सार्क कार्यक्रम, सार्क गेममा चैं हामीले ५० वटा स्वर्ण ल्याएका थियौं । विगत सरकारको पालामा । तर त्यसलाई मूल्याङ्कन नगरीकन त्यही सार्कका पदाधिकारीहरू हामीले चैं हटाउने काम गर्‍यौं । हामीले मूल्याङ्कन त नगर्ने रैछौं राम्रो काम गर्नेलाई त । पार्टीका मान्छे भर्ती गर्ने रैछौं । सबै कुरो पार्टीकरण गर्दो रैछौं । त्यसकारण जो मान्छेलाई जे क्षमता छ, त्यो खालको चैं हामी पद दिऊँ न त । स्पोर्टमा राम्रो क्षमता हुनेलाई सदस्य सचिव बनाऊँ हामी ।अध्यक्ष बनाऊँ त्यहाँको । राम्रो खालको डाक्टर छ भने डाक्टरलाई चैं राम्रो खालको व्यवस्थापन गर्ने डाक्टर छ भने अस्पतालको जी.एम बनाऊँ, महानिर्देशक बनाऊँ । त्यसरी हामीले राइट म्यान राइट ठाउँमा हामीले लगाउन सक्यौं भने हामी अलिकति उँभो लाग्न सक्छौं । त्यसकारण आजको राइट म्यान राइट ठाउँमा हामी किन लगाऊ भनिरा' छु भने कुलमानजीलाई हेर्नुस्, हामी सन्दुक रुइतलाई हेर्नुस्, हामीले राइट म्यान र राइट ठाउँमा पुर्‍याउँदाखेरि आज विद्युत्मा चैं कतिको ऊ परिवर्तन आयो? हाम्रो आँखा उपचार अहिले नेपालमा

वोल्र्ड हेल्थ अर्गनाइजेसनले चैं मान्यता दिएको एउटा मात्रै छ भन्यो भने त्यहीँ तिलगंगा आँखा अस्पताल हो जस्तो मलाई लाग्दछ । त्यसकारण राइट म्यान राइट ठाउँमा चैं हामीले दिन सक्यो भने कुनै पार्टी नभनीकन, कुनै ऊ नभनीकन हामीले त्यसरी दिन सक्यौं भने हाम्रो देशलाई हामी उँभो लाउन सक्छौं ।

यो स्पोर्टको कुरा गर्दाखेरि हामी स्पोर्टलाई पनि कुन स्पोर्टलाई कुन ठाउँमा लाने? हामी हिमाली क्षेत्रमा बस्ने शेर्पा जाति हिमाल चड्न साह्रै सिपालु छौं । हाम्रो जातै हिमाल चड्न पा'को । हामीलाई त्यो क्षेत्रमा लगाऊँ । तराई छ भने तराईमा राम्रो खालको दौडिने छ भने दौडिन लगाऊँ । जुन मान्छेलाई जे क्षमता छ त्यसमै हामी लागउन सक्यौं भने आज धेरै ठाउमा हामी स्पोर्ट, स्पोर्ट भनिरा'का छौं, ठाउँअनुसारको स्पोर्ट भएन भने हामीले त्यो खालको परिवर्तन ल्याउन नसक्ने रैछौं । तराईमा हेर्नुस्, हिमालमा हेर्नुस् । आज हिमालको त स्पोर्ट त तपाईंहरू बुझ्नै हुन्न । यहाँ बस्नुभा'को होला, खेलकुद मन्त्रीज्यू बस्नुभा'को होला । हिमालको स्पोर्ट भनेको अर्को स्पोर्ट हो । एड्भेन्चर स्पोर्ट भनेर हिमाल चड्ने पनि स्पोर्ट हो । तपाईं गिनिज वोल्र्ड रेकर्डमा हेर्नुस् नेपालको सबैभन्दा बढी गिनिज बुकमा वोल्र्ड रेकर्ड छ भने हिमाल चड्ने मान्छेहरूको छ, शेर्पाहरूको छ । सबैभन्दा बढी वोल्र्ड रेकर्ड चैं शेर्पाहरूको छ । त्यसकारण योतिर ध्यान दिने कि नदिने त सरकारले?

त्यसकारण अन्तमा म के कुरा राख्न चाहन्छु भने यस्तै यस्तै बजेट ल्याएको हुनाले यो बजेटप्रति मेरो आपत्ति हो । त्यसकारण राष्ट्रिय सभा नियमावली परिच्छेद १६, १३४ (क) बमोजिम युवा तथा खेलकुद मन्त्रालयको खर्च रकम कटाई १ रुपैयाँ कायम गरियोस् भन्ने म यहाँ प्रस्ताव राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय सुमित्रा वि.सी.लाई आफ्नो तथा माननीय नरपति लुवारको तर्फबाट समेत खर्च कटौतीको प्रस्तावहरू प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

**(१३:३९ बजे) माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आज म यो राष्ट्रिय सभाको नियमावली, परिच्छेद-१६, १३४ (१) (क) को नियमअनुसार यो सहरी विकास मन्त्रालयअन्तर्गत विनियोजित रकमलाई १ रुपैयाँले खर्च कटौती गरी, गर्ने प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

यसै गरेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत विनियोजित बजेटको शीर्षकमा १ रुपैयाँ खर्च घटाइ १ रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न चाहन्छु । अध्यक्ष महोदय, अब म यी मन्त्रालयअन्तर्गत केही आफ्ना भनाइहरू राख्न चाहन्छु । आज यो आर्थिक वर्षको २०८०/०८१ को सहरी विकास मन्त्रालयअन्तर्गत विनियोजित विधेयक बजेटको बारेमा बोल्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो आर्थिक वर्ष बजेटको १५ औं योजनाको अन्तिम वर्ष पनि हो । सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकसित मुलुकमा स्तरोन्नति हुनुपर्ने साथै विक्रम सम्वत् २०८० सम्म मध्य आय भएको मुलुकका रूपमा स्तरोन्नति हुँदै विक्रम सम्वत् २०२१ सम्ममा सम्मुन्नत मुलुकको रूपमा स्थापित पनि हुनुपर्ने दबाब छ । नेपाल सरकारले विश्व समुदायका विभिन्न फोरमहरूमा बाचा गरिएको छ । र यी वर्षहरू क्रमशः नजिकिँदै छन् । यसका लागि साधारण खर्च न्यून गर्दै विकास खर्च वृद्धि गर्नुपर्ने, त्यसको ठिक उल्टो भइरहेको देखिन्छ । सम्माननीय अध्यक्ष महोदय, त्यसै भएर हामीले यो बजेटहरू छर्नुभन्दा यसले केही काही केही नगर्ने भ'को कारणले यो खर्च कटौतीको प्रस्ताव राखेका हौं ।

२०८१ को नीति तथा कार्यक्रमको बुँदा ८१ देखि ८८ सम्म बुँदा सहरी विकाससम्बन्धी उल्लेख गरिएको छ । सहर विकासको कानुनी प्रवन्ध, नीतिगत व्यवस्था, तीन तहका सरकार बिचको सहरी विकासका लागि समन्वयका कुराहरू र सहरी क्षेत्रको सरसफाई तथा स्वच्छताको राष्ट्रिय अभियान उल्लेख गरिएको छ । सोअनुसारको आर्थिक वर्ष २०८०/०८१ को बजेट विनियोजित भएको देखिँदैन । त्यसकारणले पनि हामीले यो खर्च कटौतीको प्रस्ताव राखेका छौं र सहरलाई व्यवस्थित गर्ने भनेर हामीले नीति र कार्यक्रममा थुप्रै कुराहरू ल्यायौं । र नीति कार्यक्रममा ल्याएका कुरालाई पूरा गर्नका निम्ति बजेट हेर्दा कतै तारतम्य मिल्दैन । र झनै यो मन्त्रालयअन्तर्गतका सहर विकास गर्ने बजेटहरू तमाम प्रदेश, स्थानीय तहमा हेर्दाखेरि दश, दश लाख, २० लाख यस्तै यस्तै गएका छन् । ठुला ठुला राष्ट्रिय गौरवका योजनाहरूको बजेटहरू कटौती गरिएको छ । र कर्णाली जस्ता दुर्गम जिल्लाहरूमा कर्णाली विकासका निम्ति छुट्याइएको बजेट अघि माननीयज्यूहरूले भन्नुभए जस्तै पहुँच हुने, पहुँच हुने र मन्त्री हुनेहरूको जिल्लामा बाहेक अरू ठाउँमा त्यति व्यवस्थित नभएको कुरो हामीले भेटाइरहेका छौं । र त्यसकारणले यो छिटपुट रङ्गले बजेट चाहिँ विनियोजित गरेर कुनै पनि योजनाहरू सफल नहुनुभन्दा कुनै एक ठाउँको योजनाहरू छनौट गरेर त्यसलाई पूरा गर्ने खालको नीति र नीति ल्याएर त्योअनुसारको बजेटहरू विनियोजन भ'को भए कमसेकम दैलेखकाले, दैलेखका जनताले

सुविधा नपाए पनि हुम्लाका जनताले सुविधा पाउने गरी यस वर्षको बजेट त्यहाँ हाल्न पाए पनि राम्रै हुन्थ्यो ।

र यहाँ अघि बालबालिकासम्बन्धी पनि कुराहरू उठ्यो । हाम्रो यही सहरमा काठमाडौं भ्यालीभित्र भएका बाल सुधार गृहहरू जहाँ विभिन्न संस्थाहरूलाई त्यहाँ बजेट दिइएको छ । त्यो बजेट कति जान्छ । त्यहाँ सय जना राख्नुपर्ने ठाउँमा दुई सय जना बालबालिकाहरू त्यहाँ बस्ने गर्छ । र उनीहरूको बस्ने थलो पनि एकदमै समस्या छ । सुत्ने, खाने, मछड लाग्ने, पङ्खा नहुने, पानी नहुने सबभन्दा हाम्रो मौलिक हकमा पर्ने पानी पनि सामान्य ढङ्गले उनीहरूले पिउन नपाउने र त्यो आर्गनिक भ'को पानीले नुहाइ धुवाइ गर्दा उनीहरूलाई चाहिँ एकदमै समस्या हुने । जिउ चिलाउने, विभिन्न रोगहरू लाग्ने भएको कारण यो चाहिँ समस्या समाधान गर्नका निम्ति कमसेकम उपत्यकामा त खानेपानीको व्यवस्था राम्रो गर्न सक्छौं । हाम्रो (अध्यक्ष महोदय, मलाई अलिकति एउटा कुरा छुट्यो । एक मिनेट थप दिनुपर्ला ।) हाम्रो राजधानीको मुटु यहाँका बाटा घाटा, खानेपानी, बत्तीका तारहरू छताछुल्ल छन् । यिनीलाई व्यवस्थित गर्नका निम्ति कमसेकम अन्तरमन्त्रालयअन्तर्गतको समन्वय भएको भए हाम्रो बजेट पनि खर्च हुने थिएन । र काम पनि बन्थ्यो । थोरै बजेटले धेरै काम हुन्थ्यो भन्ने मलाई महसुश भइरहेको छ ।

यस्तै गरेर हाम्रो सिंहदरबार, पुरानो संसद भवन, ग्यालरी बैठक जुन भत्किनलाई तम्तयार थियो । एउटा राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले सहरी विकास मन्त्रालयलाई घचघचाउँदा, घचघचाउँदा अहिले त्यसलाई मर्मत गर्ने काम भ'को छ । सामान्य बाहिरी मर्मत भ'को छ । अब भित्री मर्मत गर्नको लागि त्यसमा खासै व्यवस्था भएको देखिँदैन । त्यसकारणले यी पुराना संरचनाहरूलाई संरक्षण गर्ने, इतिहासलाई कायम गर्ने, नयाँ योजनाहरू गराउँदा खेरि नयाँ योजनाका बारेमा गम्भीर भएर सोचेर पूरा हुने खालका योजनाहरूमा बजेट विनियोजन गर्ने र यो कनिका छरे जस्तो गरेर कतै पनि काम नगर्ने अहिले हामी बाटो बनाउछौं । धन्यवाद ।

(१३:४७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, आजका लागि निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको छ । अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

मानननीय सदस्य भुवन वहादुर सुनार । समय १० मिनेट । त्यसपछि माननीय नारायण दत्त मिश्र ।

(१३:४८ बजे) <u>माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, आज हामीले फेरि आर्थिक वर्ष ०८०/०८१ को विनियोजन बजेटको शीर्षकमाथि छलफल गर्न गइरहेका छौं । त्यसमा बजेटमा प्रवेश गर्नुभन्दा अगाडि थोरै अहिले फेरि मैले स्वयम् म उत्पीडित समुदायको मान्छे र मैले चैं कुरो राख्दाखेरिमा यसले सधैं यही विषय ओकल्छ भन्ने पर्ला । मैले त्यसरी नभनीगिन मानवीय समवेदनाको विषय अलिखेर राखिराखेको छु । जस्तैः हालसाल जुम्लामा अन्तरजातीय विवाहको केसलाई लिएर घरमै आगो लगाइदिएका छन् । र त्यहाँको मान्छेको बिल्लीबाठ भइर'को छ । यो कति चैं समवेदनाशील विषयहरू छन् । स्वयम् यहीं कानुन तथा न्याय मन्त्री पनि यहीं उपस्थित हुनुभ'को छ ।

त्यस्तै अहिले कालिमाटी प्रहरी खोरमा गोर्खाका सन्तोष सुर्खेती र धादिङको बविता श्रेष्ठको बिचको अन्तरजातीय विवाहका कारण झुटो मुद्दामा फसाइरहेको अवस्था छ । यस्ता घटान थुप्रा छन् । ती घटनाको विवेचना गर्ने हो भने त घन्टौं लाग्ला । र पनि मैले के हो त भन्दा चैं तत्काल घटेका घटनाहरू र मानवीय समवेदना कति गहिरोसँग चैं उजागर भइर'को छ, यो अहिलेको अवस्थामा? र किन यो यस्तो भइरा'को छ? हामी मान्छे मान्छेमा किन यस्तरी मान्छेले एकले अर्कालाई यस्तो उत्पीडन गरिराखेको छ, सताइराखेको छ? भन्ने विषयमा मैले थोरै राखें ।

अब म बजेटतिर प्रवेश गर्छु । बजेट प्रवेश गर्ने क्रममा पनि पश्चिम कर्णाली प्रदेशमा ठुलो दलित समुदायको जनसङ्ख्या छ । २३ प्रतिशतभन्दा बढी जनसङ्ख्या भा'को समुदायको लागि राज्यले किटान गरेर बजेट छुट्याउँदैन । र अगि पनि यहाँ विषय उठिराख्या छ, पहुँचका आधारमा बजेटहरू विनियोजन हुने । दूरदराज र त्यो विपन्न बस्तीहरूलाई पूरै बिर्सिने, बजेटले पूरै बिर्सिने अवस्था । र त्यो कर्णाली प्रदेशको यो सभा हलअगाडि यही असार १ गते दलितहरूले चैं जुलुस प्रदर्शन गरे । र उनीहरूले माग गरेका थिए, हाम्रो समुदायको लागि पनि बजेट किटान गर्देउ न भनेर माग गर्दा त्यहाँ प्रहरी दमन भयो । १० जना गिरफ्तार भए । दर्जनौं घाइते भ'का छन् । र यो घटनाप्रति खेद व्यक्त गर्दै अध्यक्षज्यूको मार्फत म के भन्न चाहन्छु भने तुरुन्त उनीहरूलाई रिहाइ गरेर उपचार गर्दै बजेटको व्यवस्था गर्दिनुहुन म माग गर्दछु ।

त्यस्तै हामीले अहिले हाम्रो देश चैं आर्थिक रूपले कङ्गाल भयो । राज्यले आर्थिक व्यवस्थापन गर्न सकेन भनिर'को छ । तर हामीले बाहिर बाहिर खोजिरहेका छौं । स्वयम् कर्मचारी अहिले असाध्यै छाडा अवस्था रह्यो । र अहिले हुन पर्ने यदि हामीले बजेट नै नियन्त्रण गर्ने हो भने कार्यालयहरू चैं विघटन गरेर भन्दा पनि कर्मचारीलाई व्यवस्थित गर्न आवश्यक छ भन्ने लाग्दछ । जस्तै कर्मचारीमा अनिवार्य रूपमा आउँदा पनि, जाँदा पनि E हाजिरी गर्न आवश्यक छ । त्यस्तै गरेर परामर्श सेवाका नाउँमा राखिएका परामर्श सेवा तुरुन्त बन्द गर्न आवश्यक छ । काजमा राख्ने, यो प्रथा पनि एकदम बेठिक छ । त्यस्तै गरेर यो डिजिटल इन्जिनियरिङ सेवा परामर्श भनेर राखिएको छ । लगायतका यस्ता धेरै यो ..... त्यहाँ काजहरू छन् । यसले गर्दा चैं ठुलो राज्यको खर्च दोहन भइर'को छ । हामीले त्यतातिर हेरेकै छैनौं । कहाँ भ्रष्टाचार भयो भने अन्त अन्त खोजिराख्या छौं । खास अनियमितता भित्रै भइराख्या छ । हामीभित्रै भइराख्या छ । त्यसले गर्दा यसलाई नियन्त्रण गरियो भने राज्यको ठुलो सम्पत्ति चैं सङ्कलन हुन्छ, राज्य कोषसँग । यसले गर्दा हामी यी कुरामा गम्भीर हुन आवश्यक छ । र अर्थमन्त्रीज्यूले यो बारेमा सोच्नुहुन्छ भन्ने लागेको छ । र त्यसरी निर्देशन दिनुहुन्छ भन्ने लागेको छ ।

अब रह्यो मन्त्रालयहरूमा । मन्त्रालयमा विशेषतः अहिले आज चैं हामीले वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, महिला तथा बालबालिका र ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद र सहरी विकास मन्त्रालयसम्बन्धी हामीले छलफलमा लागिरहेका छौं । यसमा सुरुमा मैले वन मन्त्रालयअन्तर्गत म जान्छु । अहिले वन मन्त्रालयअन्तर्गत चैं महत्त्वपूर्ण कुराहरू अगाडि सारिएको छ । जस्तैः हामीले भन्ने गरेका थियौं, अब नेपालका, हाम्रा जङ्गलका काठहरू कुहिएर ग'का छन् । धमिरा लागेर ग'का छन् । र करोडको काठहरू चैं बाहिर बाहिर निकासी भ'को छ । र त्यो किन त्यस्तो भइर'को छ त? भन्दा चैं एक त हाम्रो नीति, विधि, हाम्रो आचरणले प्रभाव पार्या छ । दोस्रो कुरो त्यहाँभित्र कमिसन छ । हम्रो वनको काठ झिक्दा त कमिसन आउँदैन । बाहिरबाट काठ ल्याइयो भने त कमिसन आउँछ । त्यसले गर्दा पनि करोडौंको काठ आयात गरिएको छ । फर्निचर आयात गरिएको छ । र हेरिएको छ, कार्यालयहरूमा पनि अहिले aluminium को झ्याल, ढोकाहरू राखिया छ । किन त? भन्दा काठ पाएन भनेर । हाम्रा वनका काठहरू चैं कुहिएर ग'का छन् । हाम्रो वन व्यवस्था पनि यति भद्रगोल छ । यसलाई व्यवस्थित गर्न सकियो भने, हुनत अहिले सरकारले के भनिराख्या छ त भन्दा यो वन मन्त्रालयअन्तर्गत चैं यस ढला पडा रुखहरू झिकिने छ । त्यस्तै गरेर यो वर्षदेखि ३ लाख क्युबिक फोट काठ चैं हाम्रै वनबाट झिकिने

छ । र ..... काठ, वन काठ्यजन्य उद्योगहरू अथवा काठ्यजनय कामहरूमा आत्मनिर्भर गराइने छ भन्ने सकारात्मक कुराहरू आइरहेका छन् । त्यही भएर पनि अपेक्षा गरौं । यहाँभन्दा बढीको चैं नीति, विधिले एउटा निजी, आफ्नो निजी वनको निजी बारीको काठ झिकेर आफ्नो काम गर्न पाइराख्या छैन । सबमा रोक लगाइराख्या छ । र यसलाई चैं सुधार गरेर वनमा हामी हाम्रो चैं हरियो वन नेपालको धन, हामीले त्यहाँ उपयोग गर्न सक्या छैन, हामीले नै बिगारिराख्या छ अनि हाम्रो देशको पुँजी चैं बाहिर गइर'को छ । यो बारेमा चैं गम्भीर हुन आवश्यक छ ।

त्यस्तै गरेर हामीले यो हुनत यी सबै मन्त्रालयहरूको काम चैं तल, कामको डङ्गुर चैं तल लगाइया छ । बजेटहरू चैं केन्द्रले नै अथवा संघले नै परिचालन गर्ने देखिएको छ । अहिलेको बजेट हेर्दा पनि सबै बजेटहरू चैं केन्द्रबाट नै खर्च हुने देखिएको छ । केन्द्रले नै त्यसलाई बजेट परिचालन गर्ने देखिएको छ । तर कामको लोड चैं तल प्रदेशमा, पालिकाहरूमा छ । ..... यस्तो किन भइरहन्छ? हामी यसलाई किन फेर्न सक्दैनौं? र यी सबै के हो त भन्दा चैं हामीले यो छलफल, बहस किन गरिराखेका छौं? यो बजेटमाथि कुनै परिवर्तन हुँदैन भने, यसमा कुनै सुधार हुँदैन भने हामीले बजेटलाई लिएर यो बहस, छलफल गर्न किन आवश्यक पर्यो? हुनत होला हामीले यो बजेट चैं व्यापक छलफल गराएर पास गारा'का हौं । यो एकदम राम्रो बजेट हो भन्ने त होला नै । तर त्यसले खासै अर्थ राख्दैन । त्यसले गर्दा चैं अब परम्परालाई तोड्न पर्छ र बजेटमा आवश्यकअनुसार परिमार्जन हुनुपर्छ । नमिलेको कुराहरू मिलाउनुपर्छ भन्ने कुराहरू राख्दै मैले छोटो मन्त्रालयसम्बन्धी यो बजेटमा यिनै विषय राख्दै अन्त्य गर्छु । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र । समय १० मिनेट । त्यसपछि माननीय सिंहबहादुर विश्वकर्मा ।

(१३:५९ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजित बजेटमाथि बोल्दै जाँदा केही कुराहरू राख्दै जाँदा म असाध्यै उत्साहित थिएँ । जब नीति र कार्यक्रम आउँदा एउटा छुट्टै उत्साह थियो । बजेट वक्तव्य आएपछि केही प्रतिशत उत्साहमा कमी आयो । विनियोजन विधेयक आउँदा त देशको अनुहार हेर्न खोज्दा कतै आँखा साना, कतै कान बहिरा, कतै नाकमा सुँघ्ने शक्ति नै नभएकोजस्तो जिब्रोले २/४ ओटा स्वादभन्दा अरू स्वाद चाख्न पनि नचाहेकोजस्तो, हात मसिना, खुट्टा लङ्गडा हुन् कि । पेट मात्र

फुलेको हो कि भर्खरै खाएर भुसिएको हो कि रिडको हड्डी नै कमजोर भएर कुप्रो भएजस्तो देखिन्छ । सबै अङ्ग प्रत्यङ्गको समान विकासमा सन्तुलित आहारको कमी हो कि लागेको लत छोड्न नसकिएको हो ।

मैले २०४८ सालका बजेटदेखि नै विनियोजन विधेयक कहिले विराटनगरमुखी, कहिले झापाउन्मुख, कहिले कहाँ कहाँ उन्मुख भएको छ । देशउन्मुख बजेट बनाउन सक्छौं कि सक्दैनौं । त्यस्तातिर पट्टि ध्यान दिन आवश्यक छ । विचार गरौं । म त समर्थनमा नै छु । मेरो तर्फबाट बजेट पास हुन्छ । राष्ट्रिय सभाले बजेट पास गर्छ नै । नगरे पनि प्रतिनिधि सभाले बजेट पास गरिसकेको छ । जति पास गरे जति पास गरे पनि वर्षभरिमा गरिने भनिएका काम सधैंभरि जस्तो यस वर्ष पनि पूरा नहुने नै होला क्यारे । तसर्थ विनियोजित बजेटको समयमा कार्यान्वयन गर्ने भए नभएको रेखदेख र नियन्त्रण गर्ने कार्यान्वयन गर्ने व्यक्ति र संस्थालाई पुरस्कार र दण्डको व्यवस्थासमेत गर्न आवश्यक छ । म दोहोर्‍याएर भन्छु । कार्यान्वयन गर्ने व्यक्ति र संस्थालाई पुरस्कार र दण्डको व्यवस्था गर्नसमेत आवश्यक छ । तसर्थ विनियोजित बजेटलाई कसरी सदुपयोग हुन्छ । त्यतातिर पट्टि मन्त्रालय, विभाग, जिल्लाका कार्यालयहरूसमेत प्रदेशका कार्यालयहरूसमेत गाउँपालिकाहरू समेतलाई पनि उचित निर्देशन जाओस् ।

मलाई वनको कुरा गर्न रहर लाग्छ । रहर किन लाग्छ भने म कैलाली जिल्लामा बस्छु । कैलाली जिल्लामा वन अत्यधिक मात्रमा अझै पनि अरू जिल्लाको हेरीकन कैलाली जिल्लामा वन धेरै छ । वनको सम्बन्धमा पहिले पहिले हरियो वन नेपालको धन भनियो । कार्यान्वयन वैज्ञानिक र व्यवस्थित कहिले पनि भएन । डीएफओले पढेका कुराहरू लागु नै भएनन् । डीएफओले के पढे । यहाँ आएर उनीहरूले के काम गर्नुपर्यो । बुढो रुख निकाल्ने योजना हाम्रो कहिले बनेन । एउटा बुढो रुखले वरिपरि अरू रुखहरूलाई त उम्रन दिँदैन दिँदैन । त्यति मात्र होइन । ऊले आफूले पाएको आफूले वरिपरि पाउने कुरा खाँदा खाँदा खाँदा थाकेर भोक लागेपछि आफू भित्रकै सामान खाएर बुढो रुखपछि त खोक्रो भएर जान्छ । त्यसै गरी नयाँ रुखको संरक्षणमा त ध्यान नै गएन । संरक्षण र अन्य आयआर्जनको विषयमा सोच्दै सोचिएन । पहाडका प्रत्येक सामुदायिक वनमा जडिबुडीका जङ्गल बनाइदिनुपर्छ । आयआर्जनको लागि तराईका सामुदायिक वनमा घना रूपले रोकिएका आपहरू घना रूपले रोप्नसाथै आपको बोट सलक्कमाथि जान्छ । आप पनि फल्छ । २० वर्षपछि मलेसियाबाट काठ मगाउनुपर्दैन । त्यही आपको काठलाई टिट गर्यो भने मलेसियन सालभन्दा अझ बलियो हुन्छ । हाम्रा फर्निचर, हाम्रा झ्याल, ढोकाहरू त्यसैबाट बन्छ । एकातिर त्यो फलेको आपको फलले

त्यो समुदायका मान्छेहरूलाई धनी बनाउनतिर अगाडि बढ्छ भने अर्कोतिर राष्ट्रलाई पनि काठको आपूर्ति हुन्छ । अब वन अतिक्रमण पहिलाजस्तो हुन सकिराख्या छैन । अब अतिक्रमण हुँदैन । अब जुन वन छ । त्यसलाई जोगाएर वनको सदुपयोग नेपालको आयआर्जनमा हामीले वनको सदुपयोगअगाडि बढाउनुपर्छ ।

मलाई उद्योगको विकासमा पनि हाम्रो ध्यान धेरै वर्षदेखि गैरहेको छैन । पञ्चायत कालमा स्थापित उद्योगहरूको संरक्षण नै भएन । अति उद्योगहरू हामीले बेच्यौं । कति उद्योगहरू जीर्ण छन् । बाँझो छन् । जनकपुर चुरोट कारखानाको उदाहरण दिने हो भने यो सूर्य टोब्याको कम्पनी खुलेपछि त बाघ कराएर बाख्रो हराएजस्तो भा' छ । त्यसपछि याक चुरोटको भित्र डन्डाहरू ठोकेर कुनै याक चुरोट पूर्ण रूपले पिउनजेलसम्म बल्दै नबल्ने बनाइयो । जनकपुर चुरोट कारखानालाई तहसनहस गरीकन अरूलाई पोष्यौं त्यसो मात्र कुरा होइन । हामी उद्योगधन्दामा अगाडि बढ्न सकेका छैनौं । मेरो सुझाव छ । यी उद्योगहरू हामीले खोज्दाखेरि हामी विभिन्न कारणले फेरि पनि फेल हुन सक्छौं । तसर्थ हामी पास हुने उद्योग पनि छ । हामीले नेपालले पास हुनको लागि अब उद्योगमा हातको प्रयोग ज्यादा मसिनको प्रयोग कम । हामी यिनी काठहरूबाट नै बुद्धका मूर्तिहरू बनाएर संसारका बुद्धिस्ट कन्ट्रीहरूमा उनका कोठामा राख्ने उनका चोटमा राख्ने, उनको बैठकमा राख्ने उनले बाहिर सजाउने किसिमका विभिन्न बुद्धका मूर्तिहरू बनाउन सक्छौं । विभिन्न किसिमका खेलौनाहरू बनाउन सक्छौं । त्यति मात्रै होइन । हामीसँग पर्याप्त मात्रमा ढुङ्गाहरू छन् । हामीसँग अहिले पनि ठाउँ ठाउँ उभिएका यत्रा बडेमानका ढुङ्गाहरू छन् । हामी त्यो ढुङ्गा भित्रै एउटा त्यो ढुङ्गा भित्रै आरामले बस्ने र त्यसै त्यसैभित्र खाने पिउने व्यवस्थासमेत पनि एउटै ढुङ्गा भित्र पनि गर्न सक्छौं । त्यो सकेनौं भने पनि हामीले स्लेटहरू संसारभरि स्लेटहरू बेच्न सक्नुपर्छ । विभिन्न किसिमका बुट्टेदार ढुङ्गाहरू तयार गरीकन बेच्न सक्नुपर्छ । हामीले अब मजदुरहरूलाई विदेश पठाउनुभन्दा पनि यहीं यिनीहरुलाई ट्रेनिङ दिएर । कहिले सोच्दै सोचिएन । यो मलाई त खै शिक्षा पनि हुनत आज त्यो शिक्षाको कुरा गर्न मिल्दैन । यो शिक्षा पनि कोले दिन्छ । कसरी दिन्छ । कोले हेर्छ । हामीलाई आवश्यक पर्ने शिक्षा दिइराख्या छ कि छैनौं? नपढुनजेलसम्म त ब्रिटिसका लर्डहरूले पढ्ने शिक्षा इतिहास, भूगोल, राजनीतिशास्त्र यस्ता यस्ता किसिमको शिक्षाहरू हामी पढ्थ्यौं । अहिले कतिको सुधार भएको छ । शिक्षामा बचपनदेखि नै हामीले काठका सामग्रीहरू तयार गर्ने, ढुङ्गाका सामग्रीहरू तयार गर्ने । हाम्रा त .....हरूलाई तयार गरीकन कसरी कसरी विदेश पठारी गरेर कसैको पनि कम्पिटिसन नभएका उद्योगहरू खडा गरीकन हामीअगाडि बढ्न सक्छौं । त्यतातिर पट्टि ध्यान जान आवश्यक छ ।

एउटा उद्योगभरि हामी भित्र खुब फस्टाएको छ है । सरकार बनाउने, सरकार टिकाउने, सरकार भत्काउने । यत्रो वर्ष मैले देखेको यो उद्योगभरि स्थायी रूपले नचलीकन यसलाई हामीले पटक पटक यसमा अस्थिरता ल्याएका छौं । अब सम्माननीय अध्यक्ष महोदयमार्फत माननीय मन्त्रीज्यू यो आपूर्तिको कुरा । आयल निगममा तेलको आपूर्ति त भएकै छ । तेलको आपूर्ति हुँदा पनि भाउ बढ्ने समय आयो भने गाउँ गाउँका टेङ्करहरूलाई ए चाच्चाँडै खाली गर अब ४/५ दिनमा भाउ बढ्छ भनीकन हामीले उनलाई खाली गर्न लगाएर अनि भाउ बढेको तेल हाल्न लगाउछौं । केही गरी भाउ घट्ने भो' भने पहिला नै मैले अघि कुरा मिलाउन जानें कि जानेनँ । पहिला नै टेङ्की रित्तो गराएर । त्यसपछि सबै तेलहरू भरिन्छ । त्यसको आपूर्तिको व्यवस्था एक किसिमले चलेको होला । आयाल निगमको धेरै कुरा नगरौं । यो अलिअलि ठुलो कुरा हो । मैले आपूर्तिको कुरा कहाँ गर्न खोज्या छु भने । एउटा कुरामा हामी ध्यान दिऊँ । अहिले अहिले देशभरिका नागरिकहरूले कति महङ्गोमा तरकारी खाएका छन् । हामीले कहिले सोधखोज गरेका छौं कि छैनौं? दस रुपियाँमा लालबन्दीमा पाउने तरकारी किन पचास रुपियाँ यो कालिमाटीमा पुग्छ? र कालिमाटीमा पचास रुपियाँ ल्याएको तरकारी १० प्रतिशत, १५ प्रतिशत, २० प्रतिशत मात्रै मुनाफा लिएर किन रिटेलरहरूले किन बेच्दैनन् । त्यतातिरपट्टि पनि ध्यान जान आवश्यक छ । (सम्माननीय अध्यक्ष महोदय, मेरा कुराहरू धेरै बाँकी रहन्छन् कि के हुन्छ केही समय थप हुन्छ कि नत्र म आफ्नो अन्तिम कुरातिर लागौं ।)

यो महिलाहरूको कुरा एउटा भनौं भने बडा गाह्रो छ । नभनौं भने पनि गाह्रो छ । महिलाहरूलाई छोटकरीमा म एउटा कुरा मात्रै भन्न चाहन्छु । अब पुरुषहरूले बरात ल्याईकन महिलाको घरमा मात्रै जाने होइन । महिलाहरूले बरात लगेर पुरुषहरूको घरमा पनि जानुपर्छ । अनि हामी सक्षम छौं भन्ने देखिन्छ नि त्यतातिर पट्टि अबका महिलाहरूको ध्यान त्यतातिर पट्टि जाओस् । ज्येष्ठ नागरिको सम्बन्धमा कुरा गर्दा ज्येष्ठ नागरिकको पहिचान गर्ने । एकल ज्येष्ठ नागरिक को हुन्? गरिब ज्येष्ठ नागरिक को हुन्? ज्येष्ठ भित्रको पनि ज्येष्ठ को हो? त्यसलाई रोजेर त्यसको व्यवस्थापन गरौं । त्यसको संरक्षण गरौं । त्यसको औषधिमूलोको व्यवस्था गरौं ।

अब खेलकुदको कुरातिर पनि सहरी विकास मन्त्रालयको कुरा म त सम्माननीय अध्यक्षज्यू, म त सहरी विकास मन्त्रालयको आवश्यकता छैन भन्ने ठान्दछु । केही काम केही भौतिक मन्त्रालयलाई दिऊँ, केही काम नगरपालिकाहरू यत्तिको नगरपालिकाहरू छन् । उनीहरू कहाँ खालि दोहोरो काम भैरहेको छ । सानो सानो बजेट गएको छ । ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सिंग वहादुर विश्वकर्मा । समय ८ मिनेट । त्यसपछि माननीय गंगा कुमारी वेलबासे ।

(१४:११ बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आजको बैठकमा विनियोजित विधेयक, २०८०/०८१ को विभिन्न शीर्षकमाथि हुने छलफल कार्यक्रममा समर्थन र यस वर्ष विभिन्न मन्त्रालयद्वारा सञ्चालित हुने विकास कार्यक्रमको हार्दिक स्वागत र समर्थन कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दै महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतका कार्यक्रममा आधारित रहेर म आफ्नो धारणाहरू राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय मातहतका कार्यक्रमहरू तथा उल्लेखित बजेटहरूसँग सम्बन्धित रहेर म आफ्नो भनाइहरू राख्न गइरहेको छु । यस मन्त्रालय मातहत ६ वर्ष पूरा भएका दलित, एकल महिला, सिमान्तकृत वर्ग समुदाय तथा बालबालिकालाई दिइँदै आइरहेको सामाजिक सुरक्षा भत्ता तथा ६८ वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई प्रदान गरिँदै सामाजिक सुरक्षा कार्यक्रमका लागि रु. एक अर्ब, एक खर्ब ५७ अर्ब तीन करोड विनियोजन गरिएको देखिन्छ । जुन चालु खर्चतर्फ उल्लेखित छ । पूँजिगत खर्चतर्फको बजेट एकदमै न्यून देखिएको छ । जसबाट यस मन्त्रालयद्वारा उपेक्षित कार्यक्रमहरू पूरा गर्नका लागि कठिन हुने हो कि भन्ने लाग्छ । जसअन्तर्गतका केही महत्त्वपूर्ण कार्यक्रमहरू जस्तैः- गोठाटारमा ४५ बेडको जेष्ठ नागरिक अस्पताल तथा १६५ जना क्षमताको जेष्ठ नागरिक बृद्धाश्रम भवन निर्माण महिला, बालबालिका तथा जेष्ठ नागरिकमैत्री मन्त्रालयलाई अपाङ्गमैत्री नमुनाको रूपमा विकास गर्ने भक्तपुर, कास्की, मोरङ, बाँके स्थित ४ ओटा बाल सुधार गृहको समेत सुधार बाल गृह भवन मर्मत, सुधार कार्यक्रम, पूँजीगत सुधार कार्यक्रम, मेशिनरी कार्यालयको लागि फर्निचर कार्यालय सामान जस्ता केही महत्त्वपूर्ण कार्यक्रमहरू आधारित रहेर यस मन्त्रालयको बजेट विनियोजन भएको पाइन्छ ।

सम्माननीय अध्यक्षज्यू, अब म यस मन्त्रालय मातहतका केन्द्रिय, केन्द्रित कार्यक्रम तथा विषयहरूसँग सम्बन्धित रहेर माननीय मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । जस्तो केही विषयहरू यस मन्त्रालय मातहतका कार्यक्रमहरू, चालु खर्चतर्फको बजेटका कार्यक्रमहरू, पूँजीगत खर्चतर्फका कार्यक्रमहरूमा बुझिएको छन् । जस्तो मेशिनरी कार्यालयको लागि फर्निचर, सामान खरिद यो दुवैतर्फको बजेटमा उल्लेख छ । जसले नयाँ कार्यक्रमलाई बजेट समेट्न

सकेको छैन । नीति तथा कार्यक्रम र बजेटमा हामीले नयाँ सवारी साधान किन्ने नगद उपलब्ध गराउने भनेर उल्लेख गऱ्यौं । तर यहाँ गाडी र मोटरसाइकल खरिदमा बजेट विनियोजन भएको देखिन्छ । जस्तैः- यस मन्त्रालय मातहत नेपालको संविधानको धारा (४०) मा व्यवस्था भएबमोजिम उत्पीडित दलित समुदायको अधिकार सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरूमा बजेट विनियोजन गरेको उल्लेख छ । तर मन्त्रालयगत कार्यक्रममा यस विषयहरूमा आधारित रहेर कार्यक्रमहरू र बजेट अपेक्षित मात्रामा विनियोजन भएको पाइँदैन । यी विषयमा पनि माननीय मन्त्रीज्यूको ध्यान आकर्षण गराउँदै जवाफ माग गर्न चाहन्छु ।

साथै आर्थिक वर्ष २०८०/०८१ मा बजेट छुट्याइएको छ । योभन्दा पहिला २०७९/०८० को बजेटमा पनि रकम विनियोजन गरिएको थियो । पूर्वाधार बनाउन जग्गा पशुपति विकास कोषले छुट्याइएको तर त्यहाँ केही सुकुम्बासी र केही हुकुम्बासीले बसिरहेका छन् । छुट्याएको जमिनमा चार किल्ला ठोक्न सकिरहेको छैन । जग्गाको पूर्ण स्वामित्व महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको नाममा नआइसकेकोले सहरी मन्त्रालयले यो निर्माण गर्न सकेको छैन । यो पालि पनि जग्गाको टुङ्गो नलागेर विनियोजित रकम फ्रिज नहोस् भन्नेमा ध्यान आकर्षण गराउन चाहन्छु । र आवश्यक पनि छ ।

सम्माननीय अध्यक्षज्यू, म अब उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहत रहेर यस मन्त्रालयको आय व्ययको लागि विनियोजित बजेट तथा कार्यक्रममा आधारित रहेर म आफ्नो धारणा राख्न गइरहेको छु । यो आर्थिक वर्षका लागि यस मन्त्रालयको कुल बजेट ९ अर्ब ४६ करोड बजेट विनियोजन भएको देखिन्छ । केही महत्त्वपूर्ण कार्यक्रमहरू ठुला दश औद्योगिक क्षेत्रको पूर्वाधार सुधार र स्तर उन्नतिका कार्यक्रमहरू तथा बजेट विनियोजन विद्यमान औद्योगिक नीति, कानुन तथा कार्यविधिको समीक्षा, पुनर्अवलोकन, संशोधन तथा तर्जुमा गर्न कार्यक्रमसहित बजेट पशु क्वारेन्टाइन, चेकपोष्ट र होल्डिङ्ग होल्ड निर्माण, अनलाइन रजिष्ट्रेशन स्किम सञ्चालन क्वारेन्टाइन निर्माण, नेपाल चीनको सीमानामा रहेका भन्सार तथा व्यापारीका नाकाहरूमा निर्माणधीन पूर्वाधारहरूको निरीक्षण, अनुगमन, नेपाल भारत सीमा नाका काकरभिट्टा, जलेश्वर, विराटनगर, विरजंग क्वारेन्टाइन कार्यालयहरू मर्मत, स्तर उन्नति ..... ढुङ्गामा फलाम, चुन ढुङ्गा, फलाम, तामा, कोइला निर्माणधीन खनिजलगायत अन्य जोखिम पदार्थको पहलको लागि आवश्यक ..... अध्ययन गर्न दैलेख जिल्लामा पेट्रोलियम अन्वेषण ..... कार्यको लागि जग्गाप्रति तथा मौजाह निर्धारणलगायतका केही महत्त्वपूर्ण विषय तथा कार्यक्रमका लागि यस मन्त्रालयको बजेट विनियोजित गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, यस मन्त्रालय मातहतमा केही कार्यक्रमहरू तथा विषयहरूमा आधारित रहेर म माननीय मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । बजेटमा न्यूनतम तीन महिना पेट्रोलियम पदार्थको मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता वृद्धि गरिने पोखरामा हवाई इन्धन भण्डारण गृह र अन्वेषण अम्लेसगञ्जमा निर्माण गर्ने विषय मन्त्रालयगत बजेटमा समावेश भएको पाइँदैन । बन्द तथा रुग्ण उद्योगहरूको सञ्चालन, सम्भाव्यता अध्ययन कार्यक्रम समावेश हुन सकेको छैन । जस्तो दोलखा र सिन्धुपालचोकमा सञ्चालन गरिरहेको, बन्द रहेको म्याग्निसाइट उद्योग सञ्चालन खानी क्षेत्रको संरक्षण विषयमा मन्त्रालयको आगामी योजना के छ? र उत्पीडित समुदाय दलित वर्गको परम्परागत पेशाको व्यावसाय सीप प्रवर्धनका कार्यक्रमहरू समेटिएर अपेक्षित कार्यक्रम बजेट विनियोजन भएको पाइँदैन । यसको निमित्त मन्त्रालयहरूको योजनाहरू के के छ? के के रहेको छ? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी वेलबासे । समय १० मिनेट । त्यसपछि माननीय युवराज शर्मा ।

(१४:२० बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामी विनियोजित बजेटमाथिको छलफलमा छौं । आज विभिन्न मन्त्रालयहरूको बजेटमाथि छलफल गरिराखेका छौं । हामीसँग हरियो वन नेपालको धन भन्ने एउटा उक्ति धेरै लामो समयदेखि चलिराखेको छ । तर वन नेपालीहरूको धन हुन सकिराखेको छैन । यसलाई कसरी हामीले नेपालको धन बनाउन सक्छौं । त्यो योजना थोरै बजेटले छोएको छ । र विस्तृत रूपमा आउन सकेको छैन । नेपालको काष्ठकला प्राचीन कला हो । र यसलाई प्राचीनदेखि नै काष्ठकलामा आफ्ना सीपहरू कुँदेर नेपाली कलाकृतिहरूले चिनिएको एउटा नेपाल आज त्यही काष्ठकलाको सीप पनि हराइरहेको छ । उत्पादन पनि हराइरहेको छ । र काठ जङ्गलमा कुहिएर बसिरहेको छ । यसलाई हामीले कसरी उपभोग गर्न सक्छौं । र देशलाई काठमा आत्मनिर्भर बनाउन सक्छौं भन्ने कुरा वन मन्त्रीले सोच्नुपर्छ भन्ने मलाई लाग्दछ । र वनभित्र भएका जडीबुटीहरूलाई कसरी निकाल्न सक्छौं । प्रशोधित गर्न सक्छौं । र विदेशी मुद्रा आर्जनका लागि साधन बनाउन सक्छौं भनेर सोच्नुपर्छ जस्तो मलाई लाग्दछ । बजेट विनियोजन गरिएको छ । मैले देखिरहेको छु । सबै मन्त्रालयको बजेट अहिले कसरी आएको छ भने अनिकालमा जिउ जोगाउने, हुलमुलमा जिउ जोगाउने, अनिकालमा

बिउ जोगाउने भने जस्तो संस्थाहरू संरक्षण गर्न मात्रै आएरहेको छ । आफ्नै संस्थाहरूमा खर्च विनियोजन गरेर आइरहेको छ ।

महिला मन्त्रालयको हालत त्यस्तै छ । महिला, महिला मन्त्रालयमा थुप्रै शाखा, उपशाखाहरू छन् । त्यसैलाई व्यवस्थापन गरेर बजेट व्यवस्था गरिएको छ । र ती संस्थाहरूलाई जोगाउने ढङ्गले मात्रै व्यवस्थापन गर्दा वास्तवमा नेपाल र नेपालीको लगानी गर्ने क्षेत्र भनेको महिला मन्त्रालयभित्र पर्छन् । पछाडि पारिएका महिलाहरू त्यहीभित्र छन् । बालबालिकाहरू छन् । अपाङ्गको क्षेत्र त्यहीभित्र छ । जेष्ठ नागरिकको क्षेत्र त्यहीभित्र छ । हामीले ढल खनेर के गर्न सक्छौं? हामीले बाटो मात्रै बनाएर के गर्न सक्छौं? जब कि क्षमतावान नेपालीहरू बनाउन सक्दैनौं, बालबालिकाहरूलाई चौतर्फी विकासमा अगाडि बढाउन सक्दैनौं, सर्वाङ्गीण विकास गर्न सक्दैनौं बालबालिकाहरूको र जेष्ठ नागरिकहरुको सीप र कौशललाई हामीले पुस्ता हस्तान्तर गर्न सक्दैनौं भने लगानी किन गर्ने? कहाँ गर्ने? के का लागि गर्ने? साँच्चै मानवमा लगानी गर्ने हो भने यो मन्त्रालयको बजेट बढाइयोस् भन्ने कुराहरू म राख्न चाहन्छु । र मानवमा लगानी गर्ने नीति लिन जरूरी छ । र हामीले त्यस्ता मानव क्षमतावान चौतर्फी विकाससहितको सृजनशील मानवको विकास गर्न जरूरी छ भन्ने मलाई लाग्दछ ।

खेलकुदको कुरा गर्दाखेरि देश कस्तो छ? कहाँ छ? कति विकसित देश हो? त्यो होइन । खेलाडीहरूले चिनाइरहेका छन् देशलाई । हाम्रो देशको खेलाडीहरूले पनि विभिन्न ठाउँमा गएर आफ्नो क्षमता प्रदर्शन गरेर देश चिनाइरहेका छन् । तर खेल क्षेत्रमा हामीले लगानी गर्न सकेका छैनौं । राम्रो लगानी गरेर राम्रो उत्पादन गरेर हामीले खेलाडीहरू विकास गर्न सकेका छैनौं । तै पनि आफ्नो क्षमताले खेलाडीहरूले आफुलाई विकास गरिराख्नुभएको छ । त्यसैले सबै प्रदेशहरूमा जुन खेलकुदको व्यवस्थापन गर्न र अहिले खेलकुद मैदानहरू बनाउने कुराहरू जुन आएको छ । त्यसलाई अलि व्यवस्थित र सबैतिर पुग्ने ढङ्गले गर्न जरूरी छ ।

र अघि एक जना माननीयज्यूले भन्नुभएको छ । सहरी विकास मन्त्रालयअहिले केही बजेट बढाएर सहरी विकास मन्त्रालयमा आएको छ । तर कुनै जिल्लाका नामै परेका छैनन् । कुनै जिल्लामा व्यापक रूपले बजेट विनियोजन भएको छ । आफै सबैलाई थाहा छ । सम्बन्धित क्षेत्रले नै त्यसमा हेरिराखेको होला । कहाँ कसरी बजेट व्यवस्थापन गरिएको भन्ने कुरा बजेट व्यवस्थापन गर्ने टिममा थाहा होला । समूहमा थाहा होला । मन्त्रालयलाई थाहा होला । त्यसरी मात्रै विकास गरेर विकास हुन्छ जस्तो मलाई लाग्दैन । त्यसो गर्दाखेरि अहिले हामीसँग प्रदेश छन् । स्थानीय तह छन् । सम्बन्धित ठाउँलाई दिन जरूरी छ । विभिन्न

खालको संस्था खडा गरेर माथि नै बजेट राख्ने र अफिस सञ्चालन गर्ने हिसाबले मात्रै बजेट राख्न जरूरी छैन । त्यस्तो ठाउँहरूलाई व्यवस्थापन गर्न जरूरी छ । हामीसँगै व्यवस्थामा आएको पनि आज ८ वर्ष भइसक्यो । र हामीले यसलाई अगाडि बढाउँदाखेरि बजेट आउँदा पनि एउटा सम्मिलित ढङ्गले आउन जरूरी छ । मैले यो बजेटको कुरा गर्दाखेरि यतिसम्मको एउटा सिलिङ्ग तोकौं, सङ्घले ल्याउने बजेट कसरी ल्याउने भन्ने कुरा हामीले छलफल गर्यौं । तर अहिले विनियोजित बजेट हेर्दाखेरि त्यो तोक्न सक्ने अवस्था छैन । माथि भएका संरचनाहरूलाई बजेट ५ लाखको योजना बनाएर राखिएको छ । त्यो कि संरचना घटाउनुपर्छ, कि बजेट तोक्नै पर्छ त्यसरी । त्यसो भ'को हुनाले हामीले सोच्ने बेला आएको छ भन्ने मलाई लाग्दछ ।

यसै गरेर उद्योग क्षेत्रमा हामीले नेपालमा के गर्न सक्छौं? नेपालभित्र भएको उद्योगलाई हामीले कसरी प्रवर्धन गर्न सक्छौं? त्यो तिर सोच्नुपर्‍यो । र नेपालको सीप कौशललाई पनि यहाँ लगाउनुपर्‍यो । हामीसँग थुप्रै मुर्तिकारहरू हुनुहुन्छ । चित्रकारहरू हुनुहुन्छ । तर अरू ढङ्गको हाम्रो सीपको कुरा पनि छ । र हामीसँग भएको, हाम्रो देशमा भएको अरू स्रोतहरूको पनि हामीले व्यवस्थापन गर्नुपर्‍यो र हामीले उत्पादन गर्नुपर्‍यो भन्ने लाग्दछ । नेपालमा बनाउने, नेपालीहरूले लगाउने, नेपालीहरूले बनाउने, नेपालमै केही खपत गर्ने भन्ने कुराहरू गरेका छौं । कहिलेदेखि सुरु गर्छौं? त्यस्तो देखिएको छैन । अहिले पनि हामीले आयात गर्ने र कर बढाउने आयात घटाउने र कम आयकर उत्पादन गर्ने जस्तो जुन विगतमा देखियो । अहिले हामीले निर्यात गरेर हामीले हाम्रो आम्दानी बढाउनुपर्छ भनेर भनेका छौं । कृषिमा लगानी गर्दै, अरू क्षेत्रमा लगानी गर्दै, उद्योगहरू खोल्दै उद्योगलाई रुग्ण उद्योगहरूलाई चाहिँ पूर्ण क्षमतामा हामीले कसरी अगाडि बढाउन सक्छौं? त्यो क्षेत्रमा पनि हामी तुरुन्तै सोच्नुपर्‍यो । अहिले बजेटले केही व्यवस्था गरेको छ । थप त्यसमा अझै सुदृढ गर्न जरूरी छ भन्ने कुराहरू म राख्न चाहन्छु ।

त्यस्तै गरेर अहिले सहरी विकासको मूल कुराहरू गर्दाखेरि त्यसमा थुप्रै बजेटहरूको व्यवस्था भएको छ । मन्त्रीज्यूले भन्नुभएको छ । पुरानो सिलिङ्गबाट घटेको छ भनेर तर सबैतिरको घट्दाखेरि त्यहाँ केही भइराखेको छ देखिन्छ । तर त्यो सबैतिर समान ढङ्गले वितरण भएको छैन । असमान ढङ्गले वितरण भएको छ । र असमान ढङ्गले चाहिँ भवन निर्माणहरूको सबै कुराहरू आइराखेका छन् । त्यसो गर्दाखेरि कहाँ कस्तो चाहिने हो? र कसले बनाउने हो? त्यो गर्दाखेरि स्थानीय तहले नै बनाउने बजेट रह्यो भने त्यहाँ कम लागतमा बन्न सक्ने पनि कतिपय अवस्थाहरू हुन सक्छ । त्यसो गर्दाखेरि हामीले अहिले सङ्घीय व्यवस्थाभित्र रहेका सङ्घीय, सङ्घीय, प्रदेश, स्थानीय तह र सङ्घलाई उचित ढङ्गले बजेटको व्यवस्थापन गरेर हामी जानुपर्छ भन्ने मलाई लाग्छ । यति भन्दै मैले आफ्नो भनाइलाई यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय युवराज शर्मा । त्यसपछि माननीय श्री राजेन्द्र लक्ष्मी गैरे । युवराज शर्मा । समय १० मिनेट ।

(१४:२९ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आ.व. २०८०/०८१ को बजेट सम्बन्धमा माननीय अर्थमन्त्रीद्वारा विकास कार्यका लागि स्रोत व्यवस्थापन चाप पर्न गएकोमा स्वीकारयोग्य छ भने चालु आ.व. २०७९/८० पुँजीगत खर्चको अहिलेसम्मको स्थिति हेर्दा सरकारी काम अहिले जाला घाम भन्ने उखान चरितार्थ भएको देखिन्छ । विभिन्न मन्त्रालयद्वारा लक्षित कार्यक्रममा विनियोजन गरेका बजेट समयमै खर्च गर्नु प्रत्येक मन्त्रालयको पहिलो दायित्व हो यो । पुँजीगत खर्चको प्रभावकारिता बढाउन सक्नुपर्दछ मन्त्रालयहरूले । बजेट विनियोजनको यो पहिलो प्राथमिकता र सिद्धान्त दुवै बन्न पुगेको छ आज । यसतर्फ मन्त्रालयहरूको ध्यान जाने नै छ । निर्यात घटिरहेको र आयात बढिरहेको बेला उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले २०८०/०८१ को लागि छनोट गरेका औद्योगिकग्राम निर्माणमा तीव्रता थप औद्योगिकग्राम निर्माण जसको सुरुआतको निर्णय भैसकेको छ । यो अत्यन्त सकारात्मक पक्ष हो । व्यापार घाटा न्यूनीकरणको पहल एकीकृत जाँच चौकी निर्माण, क्षेत्रगत उत्पादन र उत्पादकत्वको प्रयास, गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना विराटनगर जुट मिल सञ्चालन र व्यवस्थापन, खाद्य प्रविधि तथा गुण नियन्त्रण, पशु क्वारेन्टाइन, चेक पोस्ट र होल्डिङ यार्ड निर्माण चिया निर्यात अभिवृद्धि लघु घरेलु तथा साना उद्योगको प्रवर्धन, स्थानीयस्तरमा हुने रेसाबाट निकासीयोग्य वस्तु उत्पादन लक्षित बजेटले राम्रो सङ्केत गरेको छ । समग्रमा निर्यात प्रवर्धन र आयात घटाउनेतर्फ उन्मुख बजेट देखिन्छ । सरकारद्वारा उद्योग व्यापार सम्बन्धमा अझ सहज र आकर्षक नीति बनाइ लगानी आकर्षित गर्न थप प्रयास अपेक्षित छ । विभिन्न औद्योगिक तालिम दिई । स्वरोजगारका लागि वातावरण निर्माण गर्ने योजना बजेटको सकारात्मक पक्ष हो । आपूर्ति प्रणालीमा भने थप सुधार अपेक्षित छ ।

हाम्रो देश यो सहरी विकास मन्त्रालयको सम्बन्धमा हाम्रो देश नेपालमा विराटनगर, काठमाडौं, भक्तपुर, जनकपुरजस्ता प्राचीन नगरहरू छन् । बुटवल, लुम्बिनी र पोखरा पनि छन् । ..... अव्यवस्थित ढल र पानीरहित नगर वा सहर घोषणा हुँदै गएको थियो विगतमा जो अहिले कङ्क्रिटको जङ्गलमा परिणत हुँदै गएको देखिन्छ । न शुद्ध खानेपानी छ । न श्वास फेर्न शुद्ध हावा काठमाडौंमाथि उठ्दा काठमाडौं पनि कङ्क्रिटको जङ्गलमा प्रणित भैरहेको देखिन्छ ।

प्रत्येक सहरलाई उसको परिवेश सुहाउँदो रूपमा विकसित गराउन सक्नुपर्दछ । कुनैलाई पर्यटकीय नगरको रूपमा त कसैलाई इन्डस्ट्रियल सिटीको रूपमा तर जब काठमाडौंको तिनकुनेमा एउटा पार्क निर्माणका लागि जग्गाको मुआब्जामा ३० औं वर्ष लाग्छ भने कसरी सहरको विकास सम्भव होला । गाउँबाट परम्परागत सीप, संस्कृति, सबै त्यागेर एउटा व्यक्ति जब सहर पस्छ । उसको रहर सहरले पूरा सक्नुपर्दछ । फरक फरक ठाउँको फरक फरक शैली ..... विविधता सहरी विकासको ढाँचा र शैली वाञ्छनीय छ ।

नेपालीको सहरहरूलाई आफ्नै परिवेश र स्थानीय विभिन्न ढाँचा तय गरिनुपर्दछ । विविधता नै हाम्रो पहिचान र प्राथमिकता हो । जुन आज नष्ट हुँदै गएको छ । सहरी विकास मन्त्रालयले उद्योग वाणिज्य तथा आपूर्ति, सूचना तथा सञ्चार, वन तथा वातावरण, खानेपानी, संस्कृति, पर्यटन तथा उड्डयन इत्यादि मन्त्रालयसँगको सोच, संलग्नता समन्वयमा सहरी विकासको नमुना तयार पारी अघि बढ्नु आजको आवश्यकता हो । त पनि स्मार्ट पर्यटकीय ग्रिन र औद्योगिक सहरी विकासतर्फ बजेट विनियोजनको सार्थकता बढ्ने थियो । अहिले त छिमेकी मित्र राष्ट्र भारतद्वारा मधेसको चरितार्थ अन्तर्राष्ट्रिय सन्धि सम्झौता र नियम विपरीत तटबन्ध र बनाइएका अग्ला सडकहरूले पूरै मधेस, प्रदेशदेखि सुदूरपश्चिमका गाउँ, सहर सबै व्यवहारमा पर्ने निश्चित भएको छ । सहरी विकास मन्त्रालय र वर्तमान सरकारसँग यसको समुचित उपाय के छ । सम्माननीय अर्थमन्त्रीज्यूमार्फत सोध्नु आफ्नो कर्तव्य सम्झिन्छु । सांसदको हैसियतले भन्नुपर्दा सहरी विकास मन्त्रालयले गरेको बजेट विनियोजन सम्बन्धमा व्यवस्थित सहरीकरणको निरन्तरता बस्ती विकास बसाइसराइ रोक्न तथा नयाँ सहर निर्माण मुख्य पर्यटकीय सहरमा सहरी पूर्वाधारको आधारभूतको संरचना निर्माण, जोखिमपूर्ण बस्ती स्थानान्तर प्राथमिकता इत्यादि बजेटका राम्रा पक्ष हुन् । बसाइसराइ रोक्न गाउँमा नै सहरको सम्पूर्ण सुविधा पुऱ्याउन सक्ने नीति कार्यक्रम र बजेटको लक्ष्य लिएको भए झन् राम्रो हुने थियो । आज हाम्रा इन्डस्ट्रियल सिटी पनि बिस्तारै कतै उकालो त कतै ओरालो लाग्दै गएका देखिन्छन् । बजेट कसैले माग गरेको आधारमा विनियोजित नगरी प्राथमिकता, औचित्यको आधारमा विनियोजन गर्ने परम्परालाई अझ बढी प्रोत्साहित गर्नुपर्दछ । थोरै बजेटले ठुलो सम्भावना बोकेको योजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्न सक्ने आजको आवश्यकता हो । आजभन्दा ७३ वर्षअघि पहिलोपटक नेपाली युवा खेलाडीले एसियाली खेलकुदमा भाग लिएका थिए । त्यो पनि दिल्लीमा । त्यसलाई स्मरण गर्दै म खेलकुद युवा तथा खेलकुद मन्त्रालयले बजेट विनियोजनमा राम्रा पक्ष लिएको देखिन्छ । युवालाई उद्यमशील बनाउने युवा र खेलकुदको विकासलाई समयानुकूल बनाउने, क्रिकेट रङ्गशालाहरूको निर्माण गर्ने

खेलकुद पर्यटनलाई प्रवर्धन गर्ने कुरा विनियोजित बजेटको सकारात्मक पक्ष हो । क्रिकेट अहिले अन्तर्राष्ट्रिय रूपमा अत्यन्त लोकप्रिय भैरहेको छ । तीनै तहका सरकारको संयुक्त प्रयास र लगानीमा गाउँ विद्यालयसँग क्रिकेटलाई बढाउनुपर्ने देखिन्छ । साथै क्रिकेट कोचको व्यवस्था पालिकास्तरसम्म पुऱ्याउने सोच पहल र बजेट विनियोजनतर्फ ध्यान पुग्नुपर्दछ । युवाहरूलाई सामाजिक, संस्कृतिक, आर्थिक अभियानमा सरिक गरिने र युवा क्लब गठन गरेर गरिएको पहल बजेट विनियोजनको राम्रो पक्ष हो । विभिन्न खेलकुद प्रतियोगिताका लागि बजेट विनियोजन गरिएको छ । जो सकारात्मक छ ।

त्यस्तै वन तथा वातावरण मन्त्रालयको बजेट विनियोजन र लक्षित कार्यक्रमको सम्बन्धमा मोटामोटी अध्ययन गर्दा अहिलेसम्म चलिआएको नीति कार्यक्रम र बजेटमा थोरै भए पनि फरक देखिएको छ । सार्क मुलुकमा भुटान र श्रीलङ्कापछि नेपाल बढी वन क्षेत्र भएको देश हो । बङ्गलादेश र पाकिस्तान धेरै पछि देखिन्छन् । नेपालमा सम्पूर्ण भूभागको ३७ पोइन्ट ४ पर्सेन्ट कसैले ४० पर्सेन्ट पनि भन्छन्मा फैलिएको वन क्षेत्रबाट वार्षिक आमदानी लिन सक्ने योजना ठिक छ । तर वन क्षेत्रका एउटा रुख पनि अन्यथा र विनावातावरण अध्ययन मास्नुहुँदैन । तब नै हरियो वन वा हाम्रो वन फलाउँछ धन भन्ने कथन ..... हुन सक्ने छ ।

आ.व. २०८०/०८१ मा यस मन्त्रालयका लागि विनियोजित गरेको १५ अरब, ५६ करोडको बजेटले लिएको वन संरक्षण नीति, जडिबुटी उत्पादन प्रशोधन, भन्डारण र निर्यातको नीति अत्यन्त सकारात्मक पक्ष हो । वन, पर्यटन, मानव पशु दण्ड व्यवस्थापन वृक्षा रोपण, हरित पार्क, वन पर्यटन, कृषि बाली आदि नियन्त्रण चुरे संरक्षण, ढलापडा रुखको व्यवस्थापन पलास्टिक नियन्त्रण बाल उद्यान निर्माण, भू तथा जलाहार संरक्षण, जलवायु अनुकूलन बनाउने वातावरण संरक्षणको लक्ष्य अत्यन्तै राम्रो छ । वनमाफियालाई ठेगान लगाउन वन सुरक्षा प्रणाली अरू मजबुत बनाउनेतर्फ ध्यान जान आवश्यक छ । वन उपभोक्ता समिति सशक्त हुनुपर्दछ । विभिन्न जलाधार संरक्षण तथा सिम्सार व्यवस्थापनमा बजेट विनियोजित हो । आकस्मिक बाढीपहिरो नियन्त्रणमा मात्र होइन । स्थायी रोकथाम जनधनको क्षति न्यून गराउनतर्फ ध्यान जानु आवश्यक छ ।

अन्तमा म भन्न चाहन्छु । कि हामीले बजेट विनियोजन गर्छौं । एक वर्ष बित्दा पनि त्यो खर्च भएको देखिँदैन । त्यसले गर्दा हाम्रो जुन बजेटको विनियोजन छ । त्यसले लक्ष्य हासिल गर्न सकेको कहिले पनि देखिँदैन । त्यसतर्फ माननीय मन्त्रीज्यूहरूको मन्त्रालयहरूको ध्यानाकृष्ट गर्दै अहिले जुन भयो । यो चालु वर्षमा जुन खराब कुरा देखिएको छ । त्यसलाई

सुधार्दै भविष्यमा वहाँहरूले अति सशक्त रूपमा अति कर्मठ रूपमा अघि बढ्नुहुने छ भन्ने विश्वास राख्दै बिदा लिन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय श्री राजेन्द्र लक्ष्मी गैरे । समय ८ मिनेट । त्यसपछि माननीय जगप्रसाद शर्मा ।

(१४:४० बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामी आर्थिक वर्ष ०८०/०८१ को बजेटमाथि आफ्ना विचारहरू राखिरहेका छौं । हामी यो मुलुकको शान्ति चाहन्छौं । समृद्धि चाहन्छौं । र स्थिर सरकार चाहन्छौं । त्यसैले गर्दा सरकारले ल्याएका बजेट नीति कार्यक्रमलाई नैतिक हिसाबले हामीले समर्थन गर्दछौं । सरकारले ल्याएका नीति, कार्यक्रममा भएका त्रुटिहरूलाई हामी यो देशका नागरिक, सांसद र हामी विभिन्न भूमिकामा रहेको कारणले गर्दा देखाका कुराहरूलाई पनि औंल्याउँदाखेरिमा राम्रो हुन्छ भन्ने मलाई लाग्दछ । त्यसैले मैले सरकारलाई ल्याएका कुराहरूमा आफ्नो अझै आफूले देखाका कुराहरूलाई पनि थप गर्न चाहन्छु । विशेष गरी वनको क्षेत्रमा माननीयहरूले धेरै कुराहरू राखिसक्नुभएको छ । मैले जडिबुटी खेतीको अनुसन्धान गर्ने कुरा व्यवसायिक उत्पादन गर्ने कुरा विस्तार गर्ने कुरा प्रशोधन गर्ने कुरा बजारीकरण गर्ने कुरा प्रोत्साहन गर्ने कुरा र वन बिनाश नहुने गरी जग्गा लिजमा लिने कुरा सरकारले ल्याएको बजेटमा उल्लेख छ । र यसमा म के थप्न चाहन्छु भने अहिले हामीसँग भैरहेका पाखाबारीहरू, भिराला जमिनहरू थुप्रै बाँझा भएका छन् । त्यो ठाउँमा हामीले टिमुर, हलेदो, पाकिन्बेर, कुरिलो, दालचिनी गुर्जी, सिकारी लहराजस्ता थुप्रै जडिबुटीहरू हाम्रो क्षेत्रमा पहाडी जिल्लाहरूमा त्यसै गरी लुम्बिनी प्रदेशको सबै पहाडी जिल्लाहरूमा परम्परागत रूपमा नै यसको खेती गर्दै गरिने गरिन्छ । र यो पहाडी जिल्लामा धेरै ठाउँमा यस्ता जडिबुटीहरू उत्पादन भैरहेका छन् । यसलाई हामीले प्रदेशस्तरमा कम्तीमा हामीले प्रशोधन केन्द्र स्थापना गर्न सक्यौं । र हाम्रो जडिबुटीलाई बजारसँग हामीले जोड्न सक्यौं भने हाम्रो जस्ताः पहाडी जिल्लाहरूको जनताको चाहिँ आमदानीमा पनि वृद्धि हुने छ । जनताले रोजगारी पनि पाउने छन् । जग्गाहरूको पनि सदुपयोग हुने छ । यसले अहिले हामीलाई वर्तमान अवस्थामा जुन खालको आर्थिक सङ्कट देशले भोग्नुपरेको छ । जुन खालको जनताले आर्थिक भोग्नुपरेको यसको निराकरण गर्नको निम्ति हामीले त्यसबाट मसलाहरू हामीले तेलहरू विभिन्न खालका बहुमूल्य औषधिहरू उत्पादन गर्न सक्ने र हामीले नेपाललाई चिनाउन पनि सकिने । हाम्रो जनताको आयआर्जन बढाउन पनि

सकिने । त्यसो भएको हुनाले सरकारले ल्याएको कार्यक्रममा मसिनो गरी साँच्चिकै जनतालाई छुने गरी ध्यानाकर्षण होस् भनेर म यहाँ राख्न चाहन्छु । र यसको साथसाथै वन्यजन्तुबाट हुने क्षति बापत र प्रदान गरिने राहत वितरण गर्ने र सरल बनाउने कुरा सरकारले ल्याएको छ । यसैसँग जोडेर म वनजङ्गलको कुरा गर्दाखेरि म के भन्न चाहन्छु भन्दाखेरि हाम्रो जनावरको रूपमा बाँदरले विशेष गरी ४० ओटा जिल्ला चाहिँ प्रभावित भएका छन् । धेरै जमिनहरू बाँदरको कारणले गर्दा बाँझो भएका छन् । यदि किसानहरूले खेती गरेका छन् भने पनि उनीहरूलाई घर बस्नु छैन । बारीमै बास बस्नुपर्ने दिनभरि रुंङ्नुपर्ने र उनीहरूले चाहिँ खानसम्म खान नपाउने स्थिति छ । त्यसको लागि जनावर नियन्त्रणमा हात्ती गैंडाको सोच भएको होला । र अत्यन्त जनताको जीवनलाई प्रभावित गरेको बाँदरको विषयमा यहाँ जोड्नुपर्दछ । राख्नुपर्दछ भन्ने मेरो कुरा हो । र बाँदरलाई हामीले कि नियन्त्रण गर्नुपर्दछ । कि बिनाशै गर्नुपर्दछ । यसको निम्ति सरकारले यही कार्यक्रममा योजना संलग्न गरेर लेओस् र प्रत्यक्ष जनतालाई राहत पुऱ्याउनुको निम्ति म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । वनको सन्दर्भमा । यति कुरा मात्रै म राख्न चाहन्छु ।

र युवा तथा खेलकुद सन्दर्भमा आर्थिक, सामाजिक विकासमा परिचालन गर्ने कुरामा ०८०/०८१ लाई युवा उद्यमशील वर्षको रूपमा मनाउने कुरा सरकारले ल्याइरहँदा सरकारले ल्याइरहँदा हामीले २०६९ फागुन मसान्तसम्मको श्रमस्वीकृति लिने युवाहरूको तथ्याङ्क हेर्यौं भने ५५ लाख २६ हजार ७ सय ४ छ । चालु आर्थिक वर्ष ०७९/०८० तथ्याङ्क हेर्दाखेरिमा ३ लाख ३७ हजार १ सय ४४ जना युवा विदेश जानको निम्ति श्रम स्वीकृति लिइरहेका छन् । यो योजनाले ती युवाहरूलाई रोक्छ कि रोक्दैन? त्यो युवा लक्षित कार्यक्रम हाम्रोमा आउनुपर्छ कि पर्दैन? आज दिनौंजस्तो युवाहरूको लास बाकसमा आइरहेको छ । दिनौंजस्तो युवाहरूले श्रम स्वीकृति लिइरहेका छन् । हाम्रो खेलकुदले हाम्रो कार्यक्रमले उनीहरूलाई छुनु पर्छ कि पर्दैन? राम्रा खेलाडी उत्पादन भएका छन् । इतिहास राखेका छन् । हामीले चर्चा गरेका छौं । इतिहास राख्ने खेलाडीको हामीले संरक्षण गर्नुपर्दछ । र यहाँ बाँच्नका निम्ति अथवा यहाँ पढ्नका निम्ति नसकेर दिनौंजस्तो जाने युवाहरूलाई हामी यहाँ रोक्न सकेनौं भने यो देशको विकास कसले गर्दिन्छ? यो देशको विकास गर्नको निम्ति तिनीहरूलाई जोडेर सन्तुलित बजेट आउनुपर्दछ भन्ने मलाई लाग्छ । र म अहिले धेरै जसो मान्छेहरू विदेशतिर खाडी मुलुकतिर, युरोपियन कन्ट्रीतिर पलायन भएका छन् । तिनीहरूलाई रोक्नको निम्ति यो बजेटले सम्बोधन गरोस्, समावेश गर्न सकोस् । यो लक्षित होस् । हाम्रो आँधी एकातिर, खोला अर्कोतिर भन्छन् मान्छेले । त्यस्तो खालको नहोस् भन्ने चाहिँ म चाहन्छु । र साथै सहरी विकासको सन्दर्भमा

धेरै साथीहरूले चर्चा गर्नुभयो । सहरी विकास मन्त्रालयको विषयमा बजेट सन्तुलित भएन भन्ने जनगुनासो आयो । बजेट सन्तुलित भएन भने । संघीयतामा त हाम्रो समानुपातिक विकासको अवधारणा लागु गर्नुपर्ने होइन? समानुपातिक विकासको अवधारणा लागु गर्नलाई समानुपातिक रूपमा बजेटको विनियोजन हुनुपर्ने होला यसो भएन भने । यसो गरिएन भने क्षेत्रगत रूपमा चाहिँ विकसित अविकसित प्रदेशहरू, जिल्लाहरू त झन खाडल ठुलो हुने भयो नि त यसो भएको हुनाले म के भन्न चाहन्छु भने हामीले विकासको अवधारणाको कुरा गर्दाखेरि हाम्रो प्रदेशका राजधानी हामीले आपहरू भएको बगैंचा मासेर सबैभन्दा धेरै धान फल्ने खेतहरू मासेर हामीले भौतिक संरचना बनाइरहेका छौं । हाम्रा प्रदेशका राजधानीलाई चाहे विराटनगरलाई हेर्नुस्, चाहे हेटौंडा हेर्नुस्, चाहे चाहिँ दाङ हेर्नुस्, चाहे धनगढी हेर्नुस्, चाहे पोखरा सबैभन्दा पानी पर्ने क्षेत्र किन नहोस् । र सुदूरपश्चिम पनि त्यस्तै यो विकास गाउँमा जान मिल्थेन? ती पहाडी मुलुकहरूमा भौतिक संरचना निर्माण गर्न मिल्दैन । के हामीले तराईमा जनघनत्व बढाउने पहाड रित्याउने यस्तो खालको विकास चाहेका हुन् त? होइन भने हाम्रा भौतिक संरचनाहरू पहाडमा केन्द्रित हुनुपर्दछ । र उर्वरा जमिनहरूलाई पनि हामीले संरक्षण गर्ने कुरा विकासले सोच्नुपर्दछ । हाम्रो नेताहरूले सोच्नुपर्दछ भन्ने मलाई लाग्दछ ।

र अन्तमा म बत्ती बलिसकेको छ । छोटकरीमा भन्छु महिला बालबालिका ज्येष्ठ नागरिकको विषयमा महिलाहरूको समान अग्रसरताको कुरा ..... भूमिका कुरा स्थापित गर्ने कुरा आर्थिक सशक्तीकरण गर्ने कुरा आएको छ । र यति मात्रै गरेर पुग्दैन । अब सशक्तीकरणको कुरा बालबालिकादेखि कसैलाई पनि गर्नुपर्दैन । आज हामी बजेटको कुरा यहाँ छलफल गर्दै छौं । फेसबुकहरूमा छ्यापछ्याप्सी कहाँ कति बजेट पर्यो । तल तल छलफल भैसकेको छ । आज सञ्चारको जमानाले गर्दा ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जगप्रसाद शर्मा । समय १० मिनेट ।

(१४:४९ बजे) **<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, राष्ट्रिय सभाको यो बैठकमा विनियोजन विधेयकमा छलफल चलिरहेको छ, बजेटको । ५ वटा मन्त्रालयहरूमा केन्द्रित भएर यो छलफल अगाडि बढिराखेको छ । मैले पनि संक्षिप्त रूपमा मेरा आफ्ना धारणाहरू र केही सुझावहरू यहाँ राख्न चाहन्छु ।

पहिलो कुराः हामीले बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गर्यौं । दोस्रो कुराः सरकारको नीति र कार्यक्रममा छलफल गर्यौं । त्यो पारित भो' । तेस्रो कुराः बजेट वक्तव्य आयो । त्यसमा छलफल गर्यौं, त्यो पारित भो' । चौथो कुराः अहिलेको विनियोजन विधेयकको बारेमा अहिले छलफल चलिरहेको छ । यो एउटा चक्रिय प्रणाली रेहछ । हुनत संसदमा, गरिमामय संसदमा संसदका दुवै प्रतिनिधि सभा र राष्ट्रिय सभा दुइटैमा गम्भीर तातो छलफल, बहस भएर आएका राय, सल्लाह, सुझावअनुसार त्यो परिवर्तन हुने, संशोधन हुने, त्यो चेन्ज हुने अभ्यास छ कि छैन भनेर हेर्दै जाँदाखेरि त्यो अभ्यास छैन । यदि त्यो अभ्यास छैन, त्यो छलफल गरेर त्यसको कुनै निष्कर्ष निस्किँदैन भने त्यो छलफलको औचित्य के? यो एउटा गम्भीर पक्षमा छ ।

नेपालको यसको इतिहास हेर्दा सायद २०१३/०१४ सालतिर एउटा यस्तो इतिहास भेटिँदो रहेछ, बजेट संशोधन भएको इतिहास । त्यसपछि थोरै, त्यतिधेरै त होइन २०६५ सालमा डाक्टर बाबुराम भट्टराई अर्थमन्त्री हुँदा केही जस्तो संशोधन भएको, सुधार भएको थोरै केही उदाहरण त्यतिखेरै भेटिँदो रहेछ । बाँकी नेपालको इतिहासमा सरकारले पहिला जे प्रस्तुत गर्यो हुबहु कमा, फुलस्टप, पूर्णविराम कुनै परिवर्तन नभएर त्यो पास हुने भइसकेपछि संसदमा गम्भीरतापूर्वक छलफल भएको । राज्यले यत्रो लगानी गरेर भएको छलफल, बहसको औचित्य के हुने? यो चाहे सत्तापक्ष होस्, चाहे प्रतिपक्ष होस्, सबैका निम्ति गम्भीर ढङ्गले सोच्नुपर्ने एउटा महत्त्वपूर्ण विषय हो भन्ने मलाई लाग्दछ । त्यसकारण हामीले चित्तै बुझाउनका निम्ति त बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल हुँदा त्यसबाट आएका राय, सल्लाह, सुझावहरू सरकारको नीति तथा कार्यक्रममा समेटियो । सरकारको नीति तथा कार्यक्रममा छलफल हुँदै गर्दा आएका महत्त्वपूर्ण सल्लाह, सुझावहरू सरकारले बजेट वक्तव्यमा समावेश गर्यो । त्यहाँ आएका महत्त्वपूर्ण सल्लाह, सुझावहरू यो विनियोजन बजेटको विनियोजन विधेयकमा समावेश गर्यो । यसले कार्यान्वयन गर्न सहज बनाउँला, सजिलो बनाउँला भन्ने तर्क त हामीले एक ढङ्गले गरौंला तर कुनै पनि परिवर्तन र कुनै पनि त्यहाँ चेन्ज नआउने हो भने यो छलफलको औचित्यमा प्रश्न उठ्छ । त्यसकारण म भन्न चाहन्छु कि राष्ट्रिय सभा एउटा महत्त्वपूर्ण सभा हो । यसबाट चाहे सत्तापक्ष, चाहे प्रतिपक्ष एउटा गम्भीर बहस गरेर आगामी दिनमा किन यो संशोधन हुनुहुन्न, परिवर्तन हुनुहुन्न भन्ने मैले बुझेंअनुसार कानुन अथवा कुनै नियम संविधानले कतै छेकेको छैन र रोकेको छैन । यो केवल अभ्यास र परम्पराले मात्रै रोकेको हो । हामीले यो अभ्यास र परम्परालाई तोड्ने, यसलाई क्रस गर्ने एउटा सङ्कल्प गर्यौं र एउटा सहमति हामीले

गर्यौं भने आगामी दिनमा एउटा यसले सकारात्मक सन्देश दिन सक्छ । र यो छलफल, बहसको औचित्य पनि साबित हुन सक्छ । मैले पहिलो कुरा यो राख्न चाहन्छु ।

दोस्रो कुराः सामान्यतः अरू धेरै विषयहरू पनि छन् । यो बजेट विनियोजन अथवा बजेट विधेयकको बारेमा, विनियोजन विधेयकको बारेमा राष्ट्रिय सभाको भूमिका सायद कति छ, यो कुरामा प्रवेश गर्दै जाँदा अथवा यो कुरामा छलफल बहस गर्दै जाँदा प्रतिनिधि सभामा लामो छलफल चलेर, बहस गरेर त्यो पारित भइसक्यो । यो राष्ट्रिय सभामा छलफल बल्ल आजबाट सुरु भएको छ । यो राष्ट्रिय सभाको भूमिका यसमा यो विधेयक निर्माणमा अथवा यो बजेट विनियोजन, यसको निर्माणमा राष्ट्रिय सभाको भूमिका के हो? यसको भूमिका बढाउन, यसको भूमिका सुनिश्चित गर्नका निम्ति पनि नयाँ ढङ्गले सोच्नुपर्छ भन्ने कुरामा राख्न चाहन्छु ।

र खास गरी आज यो ४ वटा मन्त्रालय, ५ वटा मन्त्रालयमा मन्त्रालयको बारेमा सरसर्ती हेर्दा प्राय सबै ५ वटा मन्त्रालयमध्ये प्राय सबै मन्त्रालयमा बजेट घटेको छ, बजेटको सिलिङ घटेको छ । सबैभन्दा बढेको झन्डै झन्डै डबलले वृद्धि भएको मन्त्रालय भनेको सहरी विकास मन्त्रालय हो । मेरो आफ्नो बुझाइ, अध्ययनमा यो कति संघीयताअनुरूप भयो र समन्यायिक भयो? भन्ने ...... छलफल, बहस गर्न सकिएला । धेरै मिलेको छैन । केवल यो नमिल्नुमा एउटा मन्त्रालय, एउटा मन्त्रीको दोष मात्र हो जस्तो मलाई लाग्दैन । बाँकी यो मन्त्रालयबाहेक सबै मन्त्रालयको बजेट घटेको देखिन्छ । विगतको बजेटहरूभन्दा घटेको देखिन्छ । हामीले संघीयताको स्पिरिटअनुसार, संघीयताको मर्मअनुसार हेर्दाखेरि जस्तोः बजेट विनियोजन भएको छैन । यो गम्भीरतापूर्वक सोच्नुपर्ने, आत्मसमीक्षा गर्नुपर्ने विषय हो, आफ्नो ठाउँमा । तर जनप्रतिनिधिहरूका जो माग थिए, जो अपेक्षा थिए, जो उनीहरूको माग र अपेक्षाहरू थिए त्यसलाई प्राय प्राय, थोरै थोरै बजेट हालेर पनि सम्बोधन गर्न सफल भएको सहरी विकास मन्त्रालय हो कि? भन्ने म आफूलाई लाग्दछ । भलै त्यसले संघीयता स्पिरिट पक्डेको छैन । स्मार्ट सिटीको कुरा र कम्तीमा यो देशमा भएका संघीय निर्वाचन क्षेत्रमा दुई, दुइटा मात्रै योजना सल्लाह गरेर, सहमति गरेर दुइटा मात्रै योजना एउटा निर्वाचन क्षेत्रलाई दिने र स्मार्ट सिटीको अवधारणाअनुरूप मात्रै बजेट विनियोजन गरिदिएको भए यो साह्रै सुनमा सुगन्ध हुन सक्थ्यो, यो सहरी विकास मन्त्रालयको । किनकि यो मन्त्रालय जन्म भएको भनेको बस्तीलाई आधुनीकरण गर्ने, बस्तीलाई आधुनीकरण गरेर सहरीकरण गर्ने ध्येय उद्देश्यका साथ यो जन्म भएको हो । यो अर्थमा यो छलफल, यो बहस यहाँ आएका राय, सल्लाह, सुझावहरूबाट त्यतापट्टि कार्यान्वयन गर्नका लागि, कार्यान्वयनलाई सुनिश्चित गर्नका निम्ति त्यो बन्छ कि बन्दैन?

बाँकी अन्य मन्त्रालयहरूको कुरा जस्तो हेर्दा महिलाको जस्तो एउटा महत्त्वपूर्ण कार्यक्रम, सबै मन्त्रालयले अहिले केही महत्त्वपूर्ण कार्यक्रमहरू ल्याएका छन् । कोकदेखि शोकसम्मको सामाजिक सुरक्षाको कार्यक्रम महिला मन्त्रालयले एउटा महत्त्वपूर्ण कार्यक्रम ल्याएको छ अहिले । त्यस्तै युवा मन्त्रालयले युवा प्रवर्धन वर्षका रूपमा यसलाई लिनेका रूपमा एउटा महत्त्वपूर्ण कार्यक्रम ल्याएको छ । त्यस्तै वन मन्त्रालयले अहिले सबैभन्दा इतिहासमै सबभन्दा राम्रो यसलाई कार्यान्वयन गर्न सकेको खण्डमा वनको वृक्ष रोपन गरेर वन वृद्धि गर्ने कुरा र वनको ठिक ढङ्गले सदुपयोग गर्ने कुरा यो महत्त्वपूर्ण कुरा हो । सायद यसले देशलाई आत्मनिर्भर हुनतिर एउटा महत्त्वपूर्ण योगदान दिन्छ । किनकि नेपालमा झन्डै ३७ प्रतिशत, ४० प्रतिशत कतिपयले आज ४५ प्रतिशत भन्ने गर्छन् । यो पुरानो डाटा, पुरानो आकडा हो । झन्डै fifty प्रतिशतको हाराहरीमा भएको वन क्षेत्र जो हो नेपालको टोटल भूभागको, यसबाट राज्यले, देशले, राष्ट्रले के बेनिफिट लिन सक्यो भन्दा मलेसियाबाट थोत्रो काठ ल्याएर देश धान्नुपर्ने विडम्बना पर्ने स्थिति जो छ यसलाई क्रस गरेर काठमा आत्मनिर्भर हुने मात्र होइन देशलाई एउटा सम्पन्न बनाउने एउटा महत्त्वपूर्ण क्षेत्र यो हो भन्ने लाग्छ । तसर्थ, यसमा गम्भीरतापूर्वक सोचियोस् र गम्भीरतापूर्वक योजना बनाएर अगाडि लिइयोस् भन्ने कुरा म राख्न चाहन्छु । र मूलतः जे जस्तो बनेको छ, हामीकहाँ बजेट कम छ । अहिले स्वभावैले बजेटको कमी भो' तर मागहरू धेरै बढे, एकातिर ।दोस्रो कुरा के भो' भने योजनाहरू त परे । ती योजनाहरूको कार्यान्वयन ठिक ढङ्गले हुन सकिराखेको छैन । तेस्रो कुरा कार्यान्वयन त हुन्छन् तर कार्यान्वयन तिनी दिगो खालका हुँदैनन् । कार्यान्वयन अलि दूरदर्शी ढङ्गले योजना बनाएर दिगो खालका कार्यान्वयनहरू भएका छैनन् । योजनाहरू बनेका छैनन् । योतिर पनि गम्भीरतापूर्वक ध्यान जाओस् भन्न चाहन्छु ।

र म महत्त्वपूर्ण कुरा के उठाउन चाहन्छु भने कि कार्यान्वयन हुने महत्त्वपूर्ण कुरा हो । यहाँ अगाडि कतिपय माननीयहरू अगाडि राखिसक्नुभएको छ । कि कतिपय मन्त्रालयक जम्मा १० प्रतिशत कार्यान्वयन हुने, २० प्रतिशत बजेट मात्र कार्यान्वयन हुने, २० प्रतिशत बजेट मात्र कार्यान्वयन हुने विडम्बनापूर्ण स्थिति छ । बजेट बन्दै गर्दा, बजेट विनियोजन हुँदै गर्दा पर्न भन्ने कुरा त हामी उठाउँछौं । तर त्यो बजेट कति कार्यान्वयन भो' भन्ने कुरा महत्त्वपूर्ण कुरा हो । अहिले सबभन्दा महत्त्वपूर्ण कुरा भनेको साउन महिनाभित्र नियमावली बनाइसक्ने, कात्तिकभित्र ठेक्का दिइसक्ने र बजेटका सिद्धान्त र प्राथमिकता बारे माघ/फागुनमै छलफल चलाइसक्ने भन्ने एउटा अवधारणा जे ल्याएको छ, सरकारले यो धेरै महत्त्वपूर्ण कुरा अगाडि ल्याएको छ । र यो

स्पिरिटलाई समाएर अगाडि जान सक्यो भने यो बजेट कार्यान्वयन भएर अगाडि जान सक्छ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद । नमस्कार ।

(१४:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० अन्तर्गत आज छलफलका लागि निर्धारित वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहरी विकास मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० अन्तर्गत आगामी बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल हुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१५:०० बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राई**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१५:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "नेपाल विश्वविद्यालय विधेयक, २०७९" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छ ।

माननीय खिमलाल देवकोटा ।

(१५:०२ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मुलुक सङ्घीयतामा प्रवेश गरिसकेको छ । र मैले पटक पटक यो संसदमा तीन तहका सरकारहरू छन् । सरकारको कार्य क्षेत्रलाई स्पष्ट हुने गरी विधेयकहरू आउनुपर्‍यो । झस्केलाबाट विधेयकहरू आउनुभएन भनेर मैले पटक पटक पनि भनेको छु । र प्रदेशले पनि धमाधम विश्वविद्यालयहरू बनाउने अनि फेरि नेपाल सरकारले पनि धमाधम विश्वविद्यालयहरू बनाउने कामहरू नहोस् भन्ने खालको मेरो अनुरोध हो । र के कति विश्वविद्यालय आवश्यक छ । सबभन्दा पहिला एउटा शिक्षा नीति ल्याउँ । अनि उच्च शिक्षासम्बन्धी एउटा छाता ऐन पनि ल्याउँ र शिक्षा नीति, छाता ऐनलाई टेकेर विश्वविद्यालय थप आवश्यक छ भने बनाउ भनेर मैले पटक पटक भनेको छु ।

अहिले त कस्तो भइदियो भने विश्वविद्यालय पनि यो च्याउ उम्रे जस्तै उम्रिन थाले सरकारले त्यसरी धमाधम विधेयक ल्याउन थाल्यो । र प्रदेशहरूमा पनि त्यही स्थिति छ । अब हामीको चाहिँ त्यो प्रदेशले विश्वविद्यालय खोलुन् चाहिँ केन्द्रले विश्वविद्यालय खोलोस् सबैको लागि स्रोत, साधान वित्तीय स्रोत साधान भनेको एउटै हो । प्रदेशले विश्वविद्यालय खोले पनि बजेट जाने स्रोत जाने भनेको नेपाल सरकारबाटै हो । तर यहाँ भएका विश्वविद्यालय यसै पनि धेरै छन् । लथालिङ्ग, भद्रगोल छ ।

अब यो भर्खरै एउटा दैनिक पत्रिकाले ५३९ ओटा कलेजहरू बन्द हुने अवस्थामा भयो भनेर एउटा मूल समाचारै छापेको छ । अब स्थिति कस्तो छ भने विद्यार्थीहरू नेपालमा प्लस टु गर्ने बित्तिकै सबै विदेशीन थाले । अब एकदम यो विषयमा गम्भीर पनि हुन पर्‍यो । र मैले विशेष गरी शिक्षा मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगले संयुक्त रूपमा शिक्षा मन्त्रालयका सहसचिवसहितको संयुक्त रूपमा गरेको अध्ययनले यो विश्वविद्यालय आवश्यक छैन, जरूरी छैन, आवश्यक पूर्वाधार पनि पुगेको छैन । र यो विश्वविद्यालयको लागि अहिलेसम्म एक धुर, एक कठ्ठा, एक आना पनि जग्गा छैन । भौतिक, वित्तीय कुनै छैन । त्यसकारण अहिले जरूरी छैन, आवश्यक छैन भनेर शिक्षा मन्त्रालयकै एउटा प्रतिवेदन छ । त्यसकारण हामीले यो पाटोबाट हेर्नुपर्छ कि पर्दैन? सम्माननीय अध्यक्ष महोदय, मैले भर्खरै यो, यो नेपाल सरकारको थिङ्क ट्याङ्क यो नीति अनुसन्धान प्रतिष्ठान, यो Policy Research Institute भन्नेले एउटा नेपालमा विश्वविद्यालयको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाको आयमहरू भन्ने एउटा प्रतिवेदन भर्खरै सार्वजनिक गरेको त छ । यो प्रतिवेदनमा भएका कुराहरू म जस्ताको त्यस्तै यहाँ सम्माननीय अध्यक्षज्यू, म यहाँ पढेर सुनाउँछु । यसले भनेको छ । नेपालमा थप विश्वविद्यालय तथा प्रादेशिक विश्वविद्यालय स्थापनाको परिप्रेक्षयमा नयाँ विश्वविद्यालय स्थापना गर्नुभन्दा अगाडि यसको आवश्यकता र औचित्यका बारेमा समग्र विश्लेषण गरी हाल भइरहेका विश्वविद्यालयहरूको क्षमता विकास र स्तरोन्नतिबाट पनि त्यो आवश्यकता पूर्ति हुन नसक्ने अवस्थामा मात्र नयाँ विश्वविद्यालय खोल्न सकिने यस अनुसन्धानको निष्कर्ष हो । निष्कर्षको च्याप्टरमा यही लेखेको छ । यो नेपाल सरकारको थिङ्क ट्याङ्क सम्माननीय अध्यक्ष महोदय, अब नेपाल सरकारको थिङ्क ट्याङ्कले यसरी निष्कर्ष निकालेको छ । भएको विश्वविद्यालयलाई स्तरोन्नति गरौं जरूरी छैन भनेर थिङ्क ट्याङ्कले लेखेको कुरा हो ।

अब अर्को विषय सम्माननीय अध्यक्ष महोदय, भक्तपुरमा एउटा खोपा विश्वविद्यालय चाहियो भनेर पटक पटक त्यहाँको भक्तपुर नगरपालिकाले भनिरहेको छ । त्यहाँ उनीहरूले भक्तपुर नगरपालिकाले आफैले ८ ओटा विभिन्न इन्स्टिच्युटहरू, कलेज चला'को छ । ४३२ जना इन्जिनियर त हरेक वर्ष उत्पादन गर्दो रे'छ । वार्षिक ४० नर्स हरेक वर्ष उत्पादन गर्दो रे'छ । वार्षिक ४० करोड उसले खर्च गर्दो रे' छ शिक्षाको क्षेत्रमा उसले ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे ।

(१५:०५ बजे) **मानननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- नेपाल विश्वविद्यालय विधेयक समितिमा छलफल भएर अहिले सदनमा आइसकेको छ । हामीले समितिबाट पास गरेर ल्याइसकेका छौं । र यतिखेर थुप्रै विश्वविद्यालयहरू छन् । र थप नेपाल विश्वविद्यालय हामी कहाँ आएको छ । हामीले पुराना पहिल्यै स्थापना भइसकेका विश्वविद्यालयहरूलाई सुधारेर लैजान र नेपाल विश्वविद्यालयलाई सुरुदेखि नै स्थापना कालदेखि नै नयाँ ढङ्गले सञ्चालन गर्न र दलीय हिसाबमा जुन बिकृतिहरू देखा परे भनेर विश्वविद्यालयमा उठिराखेको विषयहरू छ । त्यसलाई न्यून गर्दै लैजाने र व्यवस्थित गर्दै लैजाने बाहिरतिर आकर्षणमा भइरहेका विद्यार्थीहरूलाई नेपाल बस्नका लागि प्रेरणा उत्पन्न हुने गरी सञ्चालन गर्ने किसिमले हामीले सञ्चालन गर्नुपर्छ भन्ने कुरा छलफलमा उठेको छ । र सोहीअनुसार गरियोस् भनेर भन्ने कुराहरू राख्छु ।

र यस्तै गरेर देशको मध्ये भागमा उत्पत्यका बाहिर रहने जुन विषयहरू छ । त्यसले गर्दा एउटा पूर्व-पश्चिमसम्मको एउटा जनशक्तिलाई मध्ये भागमा केन्द्रित गरेर विश्वविद्यालयहरू सञ्चालन गर्न सकिन्छ भन्ने कुराहरू उपयुक्त लागेको छ ।

र त्यस्तै गरेर शिक्षा ऐन ढिलो भएको छ । शिक्षा ऐन तुरुन्त ल्याउनका लागि शिक्षा मन्त्रीलाई म अध्यक्षमार्फत अनुरोध गर्दै मेरो आफ्नो भनाइ यहीँ अन्त्य गर्छु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुरेश कुमार आलेमगर ।

(१५:०७ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, विभिन्न आरोह अवरोहहरूलाई छिचोल्दै विभिन्न तर्क वितर्कहरू, विभिन्न माइन्ड सेट ..... छिचोल्दै यो नेपाल विश्वविद्यालय यो विन्दुमा आइपुगेको छ । यस अर्थमा यो चाहिँ एउटा ऐतिहासिक उपलब्धि हो भन्ने मलाई लाग्दछ । यो विश्वविद्यालय अरू विश्वविद्यालयभन्दा प्रकृतिको हिसाबले, चरित्रको हिसाबले यसले निर्धारण गरेको लक्ष्यहरूको हिसाबले अरूभन्दा पृथक छ । यसको नामकै कुरा गरौं । उपत्यका बाहिर त्यो स्थापना हुन लागेको कुरा गरौं । त्यसै गरी यसका चाहिँ बहुविधायुक्त यसको प्रकृतिको कुरा गरौं आदि सबै, सबै हिसाबले यो चाहिँ उपयुक्त छ । र यस्तो विश्वविद्यालय स्थापना हुनुपर्छ भन्ने मलाई लागेको थियो । यो विन्दुसम्म आइपुगेको छ । यस अर्थमा यहाँसम्म ल्याउनमा केही भूमिका खेल्ने एउटा व्यक्तिको हैसियतले मलाई हर्ष लागेको छ । यद्यपि यो विधेयकमा थुप्रै कमि कमजोरी

रहेका छन् । विल्कुल, पर्फेक्ट यो विधेयक छैन । सायद विश्वविद्यालय पनि नहोला । तथापि अरूभन्दा पृथक भएको हुनाले नै यहाँसम्म आइपुग्यो भन्ने मलाई फेरि पनि लाग्दछ । यो विश्वविद्यालय स्थापना हुनु पर्छ भन्ने पनि लाग्दछ ।

र के छ भने अरू विश्वविद्यालयहरू यो देशमा छन्, थुप्रै छन्, नभ'का होइनन् । तथापि यो नीति प्रतिष्ठानले जुन निष्कर्ष निकालेको छ । त्यो आधारमा पनि नयाँ विश्वविद्यालयहरू खोल्न नसक्ने भन्ने चाहिँ होइन । र विगतमा जुन विश्वविद्यालयहरू थिएँ । ती विभिन्न कारणले ती विश्वविद्यालयहरू विभिन्न कारणले चल्न नसक्ने अवस्थामा पुगेको हामीलाई पनि महसुश भयो । यद्यपि ती मध्ये कुनै विश्वविद्यालयका Product हामी पनि हौं ।

र सम्माननीय अध्यक्षज्यू, यो विश्वविद्यालय अब सायदअगाडि बढ्छ नै होला । स्तरोन्नतितर्फ जान्छ होला यसो गरिरहँदा निश्चित रूपमा के छ भने अघि मैले भने यो विधेयकमा थुप्रै कमि कमजोरी होलान् । त्यसलाई सच्याउनुपर्ने हुन्छ होला । तर यसरी विश्वविद्यालय स्थापना गरेर सञ्चालन गर्ने दिशातर्फ जाँदा अब आवश्यकता रहन्छ इमान्दारीको । Implemention कार्यान्वयनमा, कार्यान्वयनमा इमान्दारीको त्यो हामीले हेर्न बाँकी छ । किन कि सबै कुराको सौद्धान्तिक हिसाबले राम्रो हुन सक्छन् । सौद्धान्तिक हिसाबले नराम्रो कुरा केही पनि हुँदैन होला । तर कार्यान्वयनमा जाँदाखेरि हामीले थुप्रै नराम्रो कुराहरू देखेका छौं । कार्यान्वयनका कारणले त्यो संस्था, त्यो निकाय राम्रो हुँदा हुँदै पनि सुचारु रूपले चल्न नसकेको स्थिति छ । त्यसैले विश्वविद्यालय स्थापना गर्ने दिशामा स्थापना भइसकेपछि यसलाई सुचारु प्रकारले अगाडि बढाउने दिशामा कार्यान्वयनमा कत्तिको इमान्दारिता हुन्छ? यसका भविष्यका सञ्चालनहरूले कसरी इमान्दारिता देखाउँछन् । समाञ्जस्यतालगायतका कुराहरूमा कस्तो कुरा हुन्छ? त्यो हामीले हेर्नुपर्ने छ । तर जे होस् त्यो चाहिँ आगामी दिनका कुराहरू भए । यो विश्वविद्यालयका आगामी भावी सञ्चालकहरूले विगतका विगतबाट पाठ सिक्दै यो विश्वविद्यालय विश्वमा नमुना विश्वविद्यालयको रूपमा स्थापना गर्ने छन् । सञ्चालन गर्ने छन भन्ने अपेक्षा ..... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय कुमार दसौदी ।

(१५:१० बजे) <u>**माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- माननीय अध्यक्ष महोदय, अब यो विश्वविद्यालय विधेयकको सन्दर्भमा त मेरो पनि समर्थन हुने भो' किनभने विधायन समितिमा सर्वसम्मत रूपमा आएको छ । तर विश्वविद्यालयका सन्दर्भमा अब मलाई

केही कुरा लाग्या हुनाले मैले चाहिँ यो सभामा दर्ज गराउन खोजेको हो । खास गरीकन अघि माननीय खिमलाल देवकोटाले समग्र शिक्षा नीतिको कुरा गर्नुभो' । वास्तवमा हाम्रो समाजलाई कतापट्टि लाने हाम्रो समाजलाई एउटा अनुशासनहीन समाज बनाउने कि, अराजक समाज बनाउने कि एउटा अनुशासित समाज र एउटा सभ्य समाज बनाउने त्यो कुरा शिक्षा नीतिमा निर्भर पर्छ । त्यो देशले कस्तो खालको शिक्षा नीति लियो र त्यो शिक्षा नीतिबाट कस्तो ढङ्गले हामीले शिक्षित गरेर हाम्रा भावी यो राष्ट्रका चाहिँ कर्णधारहरूलाई, शिक्षकहरूलाई अगाडि लाँदै छौं भनेर कुरा त्यो शिक्षा नीतिले तय गर्छ । त्यसकारण हाम्रा नेपालमा अहिलेसम्म १५/१६ ओटा १७/१८ ओटा विश्वविद्यालयहरू खुलेका छन् । सबै विश्वविद्यालयका प्रायः चाहिँ के छन् भने उस्तै खालका टेन्डेन्सी उही बीबीएस, बीबीए के यस्तै यस्तै गरेर चाहिँ मतलब अगाडि बढाइएको छ । एउटा मात्रै मुस्किलले कृषि विश्वविद्यालय छ । अहिले गाउँमा खोलेका कलेजहरू छन् । त्यो खुलेको कलेजहरूमा कृषि पढाउने पाँचपटकसम्म विज्ञापन गर्दाखेरि पनि त्यहाँ चाहिँ त्यो कृषि विषय पढाउने मान्छे पाइँदैन । यस्तो हालत छ । हामी जब कि नेपाल कृषिप्रधान देश भनेर भन्छौं तर गाउँमा खुलेको कलेजले एउटा कृषिको चाहिँ प्रोफेसर खोज्दा टिचर खोज्दाखेरि उसले पाउँदैन । अनि अलिअलि पढेका कृषि पढेका मान्छे कहाँ जान्छन् भन्दाखेरि जम्मै प्राइभेट पढाउनेले धेरै पैसा दिँदा रैछन् । एउटा मान्छेले ८/१० ओटा फर्म हेर्दाखेरि ल २/३ लाख रुपियाँ आउँछ । पढाउँदा ऊलाई ३०/४० हजार मात्रै आउँछ । अनि त्यहाँबाट कहाँबाट पाउने । त्यसकारण यस्तो खालको भएर यो देश हामी अगाडि बढाउन सक्दैनौं । हामी आत्मनिर्भर हुने हरेक कुरा कृषिले निर्धारण गर्छ भनेर भने पनि किन अगाडि बढ्न सक्दैन भने सबभन्दा त्रुटि हाम्रो शिक्षा नीतिमै भ'को हुनाले त्यो शिक्षा नीति त्रुटि सच्याइनुपर्छ र अहिले भ'का विश्वविद्यालयले मैले भन्नै पर्ने कुरा के छ भने समय १/१ मिनेटको किम्ती छ । तर अहिलेका विद्यार्थीहरूले इक्जाम दिने । त्यो परीक्षाको रिजल्ट आउने त्यो समय वर्षौं वर्ष कुर्न पर्छ । एउटा विषयका लागि एक डेढ वर्ष कुर्न पर्छ । यस्तो भयो भने त्यो विद्यार्थीको भविष्य के होला? त्यसकारण यो कुरामा हामी सबै गम्भीर बन्न पर्छ र सरकार झन् गम्भीर बनेर शिक्षामन्त्रीज्यू यही भएको हुनाले यसलाई सुधार्ने प्रयास गरियोस् भनेर म आफ्नो कुरा राख्न चाहन्छु । हस् धन्यवाद ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय नारायण प्रसाद दाहाल ।

(१५:१३ बजे) **<u>माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो नेपालमा अहिले कुन नामको विश्वविद्यालय आ'को छ । अथवा बन्दै छ भन्ने कुरा महत्त्वपूर्ण होइन । महत्त्वपूर्ण कुरा शिक्षासँग सम्बन्धित विषय अथवा सरकारी र निजीलाई सञ्चालन गर्ने नेपालको स्थितिको बारेमा हामीले गम्भीर हुन जरुरीजस्तो लाग्छ । जस्तोः सरकारी लेभलमा खोलिएका कैयौं त्यस्ता संस्थाहरू निजीले प्रवेश पाएपछि नेपालमा निजीले प्रवेश पाएपछि ती केल्याप्स नै भएर गए । जस्तोः विरगञ्जको कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, भृकुटी कागज कारखाना, गोरखाको रबर उद्योगजस्तै त्यो खालको भ'को छ । त्यस्तै यतै शिक्षामा हेर्ने हो भने अहिले चितवनमा स्थापित भ्याली बाहिरका भन्ने कुरा पनि आ'को छ । चितवनमा छ त्यो अहिले त्यो कृषि विश्वविद्यालयमा आङ्गिक रूपमा सञ्चालित ८ ओटा कलेजमा ३/४ ओटा कलेजमा विद्यार्थी नभएर त्यो बन्दको स्थितिमा पुगेका छन् । नेपालको सबभन्दा पुरानो त्रिभुवन विश्वविद्यालय करिब करिब रुग्ण अवस्थामा पुगिसकेको अवस्था छ । यो स्थितिमा सरकारले यिनै भएकालाई गम्भीरताका साथ सञ्चालन गर्नका निम्ति तिनको स्तर उन्नति विकास गर्नको निम्ति ध्यान दिनुपर्ने हो कि? होइन भने अब यी चाहिँदैनन् । यी हुँदैनन् । यिनबाट सम्भावना छैन भन्ने सोचेर नयाँ विश्वविद्यालयतिर ग'को हो । यो कुरो अलिक गम्भीर हो भन्ने मलाई लाग्छ । यसरी हामी सङ्ख्यामा प्रतिस्पर्धा गर्ने गुणमा चाहिँ हाम्रो ध्यान नजाने हो भने के हुन्छ? शिक्षाको स्थिति त दिन प्रतिदिन नाजुक हुँदै ग'को अवस्थामा मेरो चाहिँ यहाँ शिक्षामन्त्री यही हुनुहुन्छ । मेरो गम्भीर ढङ्गले शिक्षामन्त्री के ध्यानाकर्षण गर्न चाहन्छु भने । शिक्षालाई नेपालको शिक्षालाई अन्यत्र अन्य देशसँग चाहिँ गुणस्तरमा प्रतिस्पर्धा गर्ने ढङ्गले सोचौं । सङ्ख्यामा चाहिँ थप्ने कुरामा चाहिँ गम्भीर बनौं मलाई कुन विश्वविद्यालय बन्छ । त्यो नेपाल विश्वविद्यालयलाई प्रति आपत्ति होइन । तर नेपाल सरकारको चाहिँ सञ्चालन गर्ने विधिप्रति मेरो चाहिँ गम्भीर आपत्ति हो । यतातिर ध्यान जाओस् भन्ने म ध्यानाकर्षण गर्न चाहन्छु । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जगप्रसाद शर्मा ।

(१५:१६ बजे) **<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म शिक्षामन्त्रीलाई २/३ ओटा जिज्ञासा राख्न चाहन्छु मेरो । नेपाल विश्वविद्यालय जो विधेयक जो आ'को छ । यो पहिले हामीसँग छलफल हुँदा

नेपाल सरकारले यसमा लगानी गर्न नपर्ने । नेपाल सरकारको दायित्व यसमा लगानीका हिसाबले आर्थिक दायित्व यसमा नहुने एउटा कुरा ।

दोस्रो कुराः भ्याली बाहिर यसको कार्यालय हुने भन्ने लगायतका कुराहरू थिए । अहिले त्यसमा यथावतै छ कि? नेपाल सरकारले नै यसमा जस्तोः आर्थिक दायित्व बोक्नुपर्ने हो । के हो म यसमा स्पष्ट हुन चाहन्छु । पहिलो कुरा ।

दोस्रो कुराः नेपालमा भएका विश्वविद्यालयहरू पूर्ववक्ता माननीयज्यूले पनि राख्नुभो' व्यवस्थिति छैनन् । यसलाई व्यवस्थित बनाउने योजना के छ दोस्रो कुरा ।

तेस्रो कुराः संघीयतामा आइसकेपछि प्रदेशहरूमा प्रदेशहरूले विश्वविद्यालयको अवधारणा अगाडि सारेर जो यो अवधारणाअनुरूप विश्वविद्यालय निर्माणमा जो अगाडि बढेका छन् । त्यो एउटा आवश्यकता हो । त्यसमा संघीय सरकारले के कस्तो सहयोग गर्ने योजना बनाएको छ तेस्रो कुरा ।

चौथो कुराः पूर्ववक्ता माननीयहरूले पनि यहाँ राख्नुभएको थियो । म सम्माननीय अध्यक्षमार्फत शिक्षामन्त्रीलाई सोध्न चाहन्छु । यो शिक्षा ऐन आउन अब कति समय लाग्छ अथवा यो अगाडि बढ्नलाई के समस्या र बाधा भएको छ? म स्पष्ट हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१५:१७ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, हामी नेपाल विश्वविद्यालय विधेयकका सन्दर्भमा छलफल गर्न गइरहेका छौं । यो विश्वविद्यालयको अवधारणा कसरी विकास भो' भन्ने विषयमा शिक्षा मन्त्रालयले नै अगाडि सारेको विधेयक भएकोले यहाँ जति पनि विश्वविद्यालयहरू छन्, ती विश्वविद्यालयहरू गुणस्तर अलि कम भएका, ती जीवन उपयोगी नभएका र नवप्रवर्तनकारी पनि नभएका र समय सापेक्ष पनि नभएका कारणले गर्दा आज देशका धेरै विद्यार्थीहरू 10+2 नेपालमा पास चैं हुने तर त्यसपछि स्नातक तहदेखि माथिल्लो कक्षा प्राप्त गर्नको निम्ति विदेशिने जुन होड चलेको छ, त्यसलाई रोक्नको निम्ति नेपाल विश्वविद्यालय विधेयकको रूपमा यो पेस भएको छ ।

र यो विश्वविद्यालय एउटा सार्वजनिक विश्वविद्यालयको रूपमा चैं रहने । त्यसपछि नेपाललाई, नेपाल सरकारलाई सुरुको यो पूर्वाधार विकासको निम्तिबाहेक अन्य सञ्चालनका निम्ति यसलाई आर्थिक व्ययभार नपर्ने र यो विश्वविद्यालय काठमाडौंदेखि बाहिर अथवा

राजधानीदेखि बाहिर रहने कुराहरू यसले भने छ । र यो विश्वविद्यालयको राम्रो पक्ष भनेको स्नातक तहदेखि माथिल्लो लेभलको क्लास चैं यसले सञ्चालन गर्ने र यो एउटा अन्तरविधात्मक अवधारणा लिवरल आर्टस्सँग सम्बन्धित भएको धेरै विषयहरू यसले चैं पढाउन सक्ने र यसबाट उत्पादन भएका अथवा उत्पादित भएका विद्यार्थीहरूले आफू जीवन निर्वाह गर्न सहज हुने र राष्ट्रलाई जनशक्ति आपूर्तिमा सहज ढङ्गले व्यवस्थापन गर्न योगदान दिन सक्ने उद्देश्य बोकेर यो विश्वविद्यालयको विधेयक आ'को छ । र यसमा के भन्दा जसरी अरू विश्वविद्यालयको सँगै यो विश्वविद्यालय पनि र यो सङ्ख्या मात्र आएको हो कि भनेर जुन कुराहरू उठेको छ, त्यस्तो चैं छैन । र गहन विश्लेषण र गहन अध्ययनका साथ चैं मन्त्रालयले पनि यसमा सहमति जनाएर विधायन समितिमा हामीले यसको सैद्धान्तिक पक्ष, व्यवहारिक पक्ष, सरोकारवालका बिचमा धेरै छलफल गरेर आइसकेर यो प्रतिवेदन हुँदै यहाँसम्म आ'को छ । यो विश्वविद्यालय नेपालको निम्ति उपयोगी छ । र यो विश्वविद्यालयले नेपाल सरकारलाई आर्थि मव्ययभार नपार्ने गरी आफ्नो स्रोत पनि सञ्चालन गर्ने ।

र यो विश्वविद्यालय अर्को एउटा राम्रो पक्ष भनेको र विदेशबाट समेत आगन्तुक प्राज्ञ जनशक्ति विदेशबाट लेराएर पनि यहाँ अध्यापन गराउने भन्ने खालका कुराहरू अथवा विद्यार्थीहरूलाई शिक्षा दिने कुराहरू यो विधेयकले चैं ....... यो विश्वविद्यालय नेपालको निम्ति आवश्यक छ । र यो विश्वविद्यालयको निम्ति म सबै कुरामा समर्थन गर्दै आफ्नो कुरालाई टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कमला पन्त ।

(१५:२० बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल विश्वविद्यालय विधेयक, ०७९ लाई हामी पास गर्न गइराखेका छौं । शिक्षा मन्त्रीज्यू यहीं हुनुहुन्छ । यो विधायन समितिले सर्वसम्मत पास गरेर ल्याइसक्यो । यो विधेयक भइसक्यो, ऐन भइसक्यो । तैपनि मलाई के लाग्छ भने शिक्षा मन्त्रीज्यू कसरी कन्भिन्स हुनुभो'? मलाई चैं यो विश्वविद्यालयलाई अगाडि सार्ने व्यक्तिहरूलाई जो एकदम विश्वविद्यालय चैं यो राम्रो बनाउँछु भन्ने क्षमता भा'को व्यक्तिलाई एकचोटि उपकूलपति टी.यू. कै, त्रिभुवन विश्वविद्यालयको उपलकूलपति बनाउनको लागि आग्रह गर्नुभ'को भएदेखि कस्तो राम्रो हुन्थ्यो होला । त्यो चैं मैले मन्त्रीज्यूलाई आग्रह गरें । शिक्षाविद् हुनुहुन्छ, एकदम धेरै पुरानो मान्छे हुनुहुन्छ । यो विधेयक पास हुन्छ, म पनि पास गर्दैछु । तैपनि मलाई चैं केही कुरा सोध्न मन लाग्यो । राम्रोको खोजीको लागि

हो कि? नयाँ कुराको खोजीको लागि हो कि? व्यक्तिहरू राम्रो भएर हो कि? हामीसँग थुप्रो विश्वविद्यालयहरू छन् ।

अब पी.यू. को अवस्था त्यस्तै छ, टी.यू. को अवस्था त्यस्तै छ । त्यसले धेरै विश्वविद्यालयहरू क्षतिग्रस्त अवस्थामा छन्, भौतिक होइन कि मानसिक रूपमै । त्यसले गर्दा यो जो व्यक्तिहरूले अगाडि सार्नु भा'को छ, मलाई कसैसँग कुनै आपत्तिको कुरा होइन । मलाई जुन विश्वविद्यालयहरूको अवस्था देखिएको छ, त्यत्रो ९/१० हजार एकचोटिमा विश्वविद्यालय टी.यू. चल्थ्यो । म त्यही विश्वविद्यालयहरू नै नेतृत्व गरे आ'को व्यक्ति हो । यो स्थितिमा त्यसमा चैं भौतिक पूर्वाधार के छ? त्यसले दिन खोजेको कुराहरू त राम्रै छन् । अहिले भर्खर पूर्ववक्ता माननीयज्यूहरूले पनि भनिसक्नुभो' । तर फेरि पनि म शिक्षा मन्त्रीज्यूलाई नै टी.यू. को अवस्था सुधारदिनुस् । हजुर एकदम विद्वान् हुनुहुन्छ । त्यसपछि अनि नयाँ विश्वविद्यालय खोलुम्ला भनेर एकचोटि भन्दिनुभा'को भए पनि, भन्नुभयो कि भएन होला? अवश्य भन्नुभयो होला जस्तो लाग्छ मलाई ।

त्यसैले गर्दा गुणस्तरीय शिक्षा हामीलाई यत्र, तत्र, सर्वत्र चहिएको छ । तर गुणस्तरीय शिक्षा भनेको नयाँ खोजीले हुन्छ कि पुरानोलाई सुधार गरेर? त्यही त्रिभुवन विश्वविद्यालयमा नयाँ नयाँ विषय पठाको भए गुणस्तरीय शिक्षा, नेपालको माटो सुहाउँदो शिक्षा, अहिले विद्यार्थीहरू विदेशतिर नलाग्ने शिक्षा, त्यसैमा ल्याउन पा'को भए त्यत्रो पूर्वाधार छ, सिङ्गो कीर्तिपुर त्रिभुवन विश्वविद्यालयको नाममा छ । त्यहाँ विद्यार्थी छैन । त्यत्रा भौतिक पूर्वाधारहरू छन् । त्यसैमा यो कल्पना गरिएको विश्वविद्यालय खोल्न पा'को भएदेखि कस्तो राम्रो हुन्थ्यो होला । त्यसले गर्दा म चैं मन्त्रीज्यूसँग एकदमै स्पष्ट हुन चाहेर आफ्नो कुरा राखेको । यो विधेयक पास भइसक्यो । विधायन समितिले पास गरेर ल्याइसक्यो । हामी पास गर्दै छौं । तैपनि मलाई यति जिज्ञासा लागेर आफ्नो कुरा राखेको । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय उदय बहादुर बोहरा ।

(१५:२४ बजे) <u>**माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, नेपाल विश्वविद्यालयसम्बन्धी विधेयक व्यापक रूपमा विधायन व्यवस्थापन समितिमा छलफल भयो । अब यसमा चैं मेरो सुरुदेखि मैले आफ्ना फरक मतहरू राखें । यसको आर्थिक प्रस्तावनाबाट लगेर, यसका आर्थिक संरचनाबाट लगेर, भौतिक संरचनाहरूबाट लगेर, यी सबै चिजमा व्यापक रूपले मैले चैं छलफलमा आफ्ना कुराहरू राखें ।

फेरि पनि यो विधेयक पास भएर आ'को छ । अब हामीले पास त गर्ने भयौं । अहिले पनि मेरो जिज्ञासा के हो भने माननीयज्यूले राख्याजस्तै एउटा सामान्य क्याम्पसको affiliation चैं लिनको लागि त्यसका भौतिक संरचनाहरू छन्, चाहिन्छन् । त्यसलाई चैं आर्थिक केही पैसाहरू धरौटीहरू राख्नुपर्छ । तर यसमा केही पनि छैन । एउटा समितिको बन्यो, समिति गयो, समितिले हेर्यो त्यहाँ सबै एक टुक्रा जग्गा यसको नाममा छैन । र नगरपालिकाले कमेन्ट गरेको छ कि हामी यति जग्गा दिन्छौं, उति जग्गा दिन्छौं, नागरपालिकालाई त्यो authority छ कि छैन त्यो जग्गा दिने, सरकारी जग्गा, ऐलानी, प्रतिऐलानी जग्गा?

त्यसो भ'को हुनाले अब यहाँ एउटा liberal art को विषय आइराखया छ । liberal art भनेको असाध्यै अलौकिक चिज हो । यो कुनै चिज चैं यो विषयलाई, हाम्रो शिक्षा नीतिलाई एकदमै आकासमा पुर्याउँछ भन्ने खालको जुन भान परिराख्या छ, मैले यो कुरा बुझ्न सकिराख्या छैन । त्यसो भ'को हुनाले मैले भन्न खोज्या कुरो के हो भनेदेखि मैले व्यक्तिगत रूपमा पनि मैले शिक्षा मन्त्रीज्यूलाई भेटेर यो विषयमा क्लियर कुरा राखौं भन्न खोज्या हो । यो सामान्यतः यो चैं यो सरकारले नै स्वामित्व, लास्टमा सरकारी स्वामित्वमै यो जाँदै छ । मैले बुझ्या कुरो । यो सरकारी स्वामित्वभित्र हो कि होइन? यदि यो प्राइभेट हो भनेदेखिलाई प्राइभेटका पनि निश्चित मापदण्डहरू छन् । यूजीसीलाई निश्चित मापदण्ड तोकेर क, ख, ग गरेर चैं यसलाई यो यो पूर्वाधारहरू चाहिन्छ भनेर यूजीसीले दिएको छ । तर त्यो यूजीसीको अवधारणलाई पनि शिक्षा मन्त्रालयले वास्ता नगरेर यो चिज आ'को छ । त्यसो भ'को हुनाले मेरो यसमा जिज्ञासा छ । यहाँ माननीय मन्त्रीज्यू हुनुहुन्छ । माननीय मन्त्रीज्यूले यो विषयमा चैं क्लियर गर्दिनुपर्यो । धन्यवाद ।

(१५:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधेयक व्यवस्थापन समितिको प्रतिवेदनसहितको "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:२७ बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राई**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल विश्वविद्यालय विधेयक, २०८० लाई विधायन व्यवस्थापन समितिमा माननीयज्यूहरूले विभिन्न कोणबाट धेरै गम्भीर रूपमा छलफल गरीकन समितिबाट

पारित गरेर आज यो पूर्ण सदनमा प्रस्तुत भएको छ । समितिमा यो विधेयकलाई परिमार्जन गर्न यसलाई यसका कमी त्रुटिहरूलाई हटाउन विभिन्न कोणबाट छलफल गरेर सहयोग पुऱ्याउनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । र माननीय सदस्यहरूको सुझाव वहाँहरूको संशोधनलाई सामेल गर्दा यो विधेयक मस्यौदाको अवस्थाबाट निकै नै उन्नत व्यावहारिक र कार्यान्वयन गर्न लायक अवस्थामा आएको छ भन्ने मैले विश्वास लिएको छु । जहाँसम्म संघीयतामा विश्वविद्यालयहरू खोल्नेसम्बन्धी सरकारको एउटा स्पष्ट दृष्टिकोण आउनुपर्ने र शिक्षा नीति बन्नुपर्ने भन्ने माननीयज्यूहरूको सुझाव छ । कदाचित् त्यो अलिकति आलोचनात्मक कोणबाट पनि प्रस्तुत भएको छ । यसलाई म हृदयबाट नै आत्मसात् गर्न चाहन्छु । त्यो गर्न पर्दछ । तर त्यो गर्नलाई अलिकति हामीलाई अध्ययन गर्नुपर्ने नयाँ परिस्थितिहरूलाई अध्ययन गरीकन संश्लेषण गर्नुपर्ने । आवश्यकता छ । र यो विधेयक चाहिँ प्रक्रियालाई आइसकेको र सरकारले यो आवश्यक छ भन्ने ठानेर नै प्रक्रियामा अगाडि बढाएको माननीय सदस्यहरूले भन्नुभएजस्तै यो विश्वविद्यालयको परिकल्पना गर्ने विद्वान्हरूको एउटा टिम रहेछ । देशभित्रका दुई ढाई सय जति निकै प्रतिभाशाली नेपालका अहिले चालु विश्वविद्यालयहरूमा आफ्नो प्रतिभा चाहिँ देखाइसक्नुभएको प्रमाणित गरिसक्नुभएको र विदेशमा पनि अध्ययन अध्यापनमा आफ्नो क्षमता प्रदर्शन गरिसक्नुभएको र वहाँहरूका साथमा अलिकति नेपाललाई माया गर्ने विदेशी विद्वान्हरू प्राध्यापकहरू पनि सहकार्य गर्न तयार रहेको अवस्था र माननीयज्यूहरूले समितिको छलफलमा पनि राख्नुभएको त्यहाँ पनि छलफल भएको थियो । आज पनि केही राख्नुभएको छ । हाम्रो अहिले चलिरहेका विश्वविद्यालयभन्दा अलि थोरै फरक अवधारणामा झन्डै झन्डै काठमाडौं विश्वविद्यालयको जस्तो अवधारणामा सञ्चालन खर्च सरकारले बेहोर्न नपर्ने गरी आफै व्यवस्थापन गर्ने गरी चलाउने काठमाडौं उपत्यकाभन्दा बाहिर लग्न जहाँसम्म जग्गा जमिनको कुरा छ । जग्गा प्राप्तिको लागि तलबाट सबै प्रक्रियाहरू पूरा भएर पालिका, माल, नापी सबैको चाहिँ प्रक्रिया पूरा भएर अब मन्त्रिपरिषद्मा जग्गा प्राप्तिको प्रस्ताव जाने अवस्थामा पुगेको कुरा म माननीय सदस्यहरूलाई यो सम्मानित सदनलाई निवेदन गर्न चाहन्छु । र १ सय विघा जग्गा तुरुन्त नै प्राप्त हुँदै छ । र त्यसका पूर्वाधारहरू केही भवनहरू निर्माण गर्नको लागि अहिले अर्थमन्त्रालय सम्भवतः अत्याधुनिक सर्वेक्षण गर्ने चाहिँ एउटा प्रविधि रैछ । ड्रोनबाट सर्वेक्षण गर्ने त्यसको स्वीकृति पनि दिने एउटा प्रक्रिया चलिसकेको छ । र भवनहरू आवश्यक चाहिँ सुरुआत गर्ने पूर्वाधारहरू निर्माण गर्नका लागि उहाँहरूसँग फन्ड पनि रकम पनि भएको कुरा मलाई चाहिँ जानकारी गराउनुभएको छ । यो किसिमको एउटा स्थिति छ र विश्वविद्यालयहरू चाहिँ प्रदेशले पनि खोल्दै जाने, संघले पनि खोल्दै जाने । कति ओटा आवश्यक हुने हो के के विषयको आवश्यक हुने हो । र कसरी चल्ने हो? हो भन्ने

सम्बन्धमा निश्चय नै हाम्रो विश्वविद्यालय अनुदान आयोग शिक्षा मन्त्रालयसहित विज्ञहरूलाई राखेर पहिले पनि छलफल भएको छ । छलफल हुँदाहुँदै पनि अब केही विश्वविद्यालयहरू प्रक्रियामा अगाडि बढिसकेका छन् । यो पनि त्यसरी नै अगाडि बढेको छ र अब फेरि पनि मैले एकपटक चाहिँ शिक्षा नीतिका सम्बन्धमा विश्वविद्यालयहरूको आवश्यकताको सम्बन्धमा छलफल गरेर एउटा चाहिँ सामग्रिक र एकीकृत नीति चाहिँ निर्माण गर्ने सोचाइ राखेको छु । यही २०/२१ गते नै प्रदेशका शिक्षामन्त्रीजन्यूहरूसमेतलाई सामेल गरेर र त्यहाँ खुलेका विश्वविद्यालयका उपकुलपतिलाईसमेत सामेल गरेर विश्वविद्यालय अनुदान आयोगले चाहिँ एउटा छलफल आयोजना गरेको छ । त्यसमा पनि हामी प्रदेशमा खोलेका विश्वविद्यालयहरू र सङ्घले चलाइरहेका विश्वविद्यालयहरू वा निजी क्षेत्रबाट चलिरहेका गैरसरकारी भन्ने शब्द पर्या रैछ । काठमाडौं विश्वविद्यालयको यो नेपाल विश्वविद्यालयको सम्बन्धमा माननीयज्यूहरूकै संशोधनलाई आत्मसात् गरेर स्वीकार गरेर सार्वजनिक शब्दावली उपयुक्त हुनेदेखि त्यसलाई चाहिँ सामेल गरिएको छ । यी सबै खाले विश्वविद्यालयहरू सार्वजनिक गैरसरकारी वा सरकारी सामुदायिक..... विश्वविद्यालयहरूको बिचमा कसरी समन्वय गर्ने भन्ने एउटा सामग्रिक र एकीकृत नीति चाहिँ तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको कुरातर्फ मेरो ध्यान गएको छ । शिक्षा मन्त्रालयको ध्यान गएको छ । सरकारको ध्यान गएको छ त्यस सम्बन्धमा । र यो चाहिँ तल प्रदेश र सङ्घको बिचमा होडबाजीको विषय बिलकुल हुनुहुँदैन भन्ने कुरामा सहमति जनाउँछु । र शिक्षा मन्त्रालय । यो भयो ।

हाल विश्वविद्यालय चालु रहेका विश्वविद्यालयहरूको स्थितिलाई पनि सुधार गर्ने कि यसलाई चाहिँ बन्द गर्ने नयाँ नयाँ खोल्दै जाने भन्ने माननीयज्यूहरूको जहाँसम्म जिज्ञासा छ । यो त नयाँ चाहिने भएर हामीले थप्यौं पुरानोलाई बन्द गर्नका निम्ति होइन भन्ने कुरा म निवेदन गर्न चाहन्छु । नेपाल विश्वविद्यालयकै सन्दर्भमा यो चाहिँ एउटा ..... युनिभर्सिटी सम्बन्धन दिएर त्यो सम्बन्धनको आम्दानीबाट चल्ने किसिमको नभएर आफै आर्जन गर्ने र देशबाट विदेशतर्फ पलायन भैराखेको हाम्रो जुन युवा विद्यार्थीहरू छन् । उनीहरूलाई रोक्ने विश्वविद्यालयप्रति त्यो किसिमको विश्वास जगाउने अन्तर्राष्ट्रियस्तरको चाहिँ गुणस्तरसहितको पठनपाठन कार्य सम्पन्न गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रका ख्याति प्राप्त विश्वविद्यालयका प्राध्यापकहरूलाई पनि पठनपाठनमा संलग्न गराउने यो अहिले हाम्रो टिमले यो कोसिस गरिराखुभा' छ । उहाँहरू आफैंले पनि प्रतिभाशाली र काबिल जिम्मेवार व्यक्तित्वहरू हुनुहुन्छ । र साथमा उहाँहरूको टिम अन्तर्राष्ट्रिय क्षेत्रबाट नेपाललाई माया गर्ने सहयोग गर्ने टिमसहित संलग्न हुँदाखेरि नेपालका विद्यार्थी मात्रैलाई पलायन गर्न रोक्ने मात्रै होइन । विदेशबाट पनि विद्यार्थीहरू चाहिँ ल्याएर अध्ययन गराउन चाहिँ हामी

सक्षम हुने छौं । भन्ने वहाँहरूको विश्वास पनि रहेको छ । र अब यो व्यक्तिलाई विश्वास गरेर कति जाने भन्ने एउटा प्रश्न हुन सक्छ । तर विश्वास नगरेर पनि मुलुकका चाहिँ प्रतिभाशाली व्यक्तिहरू जो विदेशमा गएको खण्डमा अहिले अहिले वहाँहरूको क्षमता चाहिँ बिक्री हुन सक्छ त्यो क्षमतालाई स्वदेशमै प्रयोग गर्छौं । हामीलाई एउटा वातावरण बनाइदिनुस् । हामी त्यो क्षमतालाई लगाएर प्रयोग गरेर देशको सेवा गर्न चाहन्छौं भनिरहँदा हामीले चाहिँ विश्वास नगर्ने अवस्थाले पनि फेरि त्यो ब्रेनड्रेन भन्छौं हामी । एउटा बौद्धिकता पलायन हुने अवस्थालाई चाहिँ रोक्न सकिँदैन होला त्यहाँनेर पनि हामीमाथि चाहिँ प्रश्न उठ्छ होला भन्ने पनि एउटा पक्ष रहेको छ । निश्चय पनि माननीयज्यूहरूले भन्नुभएजस्तै प्रयोग यसको कार्यान्वयन कतिको बारिकेका साथ कतिको चाहिँ जिम्मेवारीका साथ हुन्छ । कति सफलतापूर्वक हुन्छ र यो लक्ष्य गरिए जस्तो परिणाम यसले कतिको दिन सक्छ भन्ने कुरा चाहिँ प्रतीक्षाको विषय नै छ । तर पनि हामीले यसलाई चाहिँ यो अवधारणालाई प्रयोगमा लानलाई नै रोक्न चाहिँ उचित हुन्छ भन्ने मलाई लाग्दैन ।

र त्यसो भएको हुनाले ऐन बनाएर हामीले त्यो बाटो खोलिदियौं भने एउटा टिम हाम्रो चैं प्रतिभाशाली बुद्धिजीवीहरूको एउटा टिमले देशको निम्ति एउटा काम लाग्ने विश्वविद्यालय चलाउनुहुन्छ भन्ने विश्वासका आधारमा पनि यो ऐनलाई चैं पारित गर्नुपर्नेतर्फ म यहाँहरूलाई निवेदन गर्न चाहन्छु ।

जहाँसम्म ख्वप विश्वविद्यालयसम्बन्धी प्रक्रिया कहाँ पुग्यो भन्ने जिज्ञासा यहाँहरूले राख्नुभएको छ ख्वप कलेज अरू विश्वविद्यालयबाट सम्बन्धन लिएर चलेको निकै नमुना लायक कलेज रहेछ । मैले पनि भ्रमण गर्ने मौका पाएको थिएँ । र उहाँहरूले चैं विश्वविद्यालयको स्तरमा आफूलाई उठाउने, स्तरोन्नति गर्ने ढङ्गले निवेदन दिनुभएको पहिलेदेखि नै उहाँहरूले त्यो चाहना राख्नुभएको र नेपाल सरकारले चैं ऐन बनाउने मस्यौदा तयार गरेर अर्थ मन्त्रालयमा पठाएको रहेछ । अर्थ मन्त्रालयबाट भर्खरै मात्रै सहमति प्राप्त भएर सो मस्यौदा चैं कानुन मन्त्रालयमा पठाइएको बेहोरा म यहाँहरूलाई निवेदन गर्न चाहन्छु ।

त्यसै गरी तिलगंगा आँखा अस्पतालले तिलगंगा चैं एउटा स्वास्थ्य विज्ञान अध्ययन गर्ने कलेजको रूपमा काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन लिईकन कलेज चलाइरहेको थियो । specialist उत्पादन गर्ने रूपमा । त्यसले पनि हामी यो तिलगंगा आँखा अस्पतालको सम्पूर्ण पूर्वाधार र सम्पत्तिहरू चैं विश्वविद्यालयलाई नै सुम्पिने गरी विश्वविद्यालयमा रूपान्तरित हुन चाहन्छौं भनेर सरकारसमक्ष एउटा अनुरोध गरेको, निवेदन दिएको स्थितिमा त्यसलाई पनि त्यो एउटा नमुना लायक संस्थाको रूपमा चलिरहेको हुनाले त्यो विश्वासमा ऐन निर्माणको प्रक्रिया

अगाडि बढेको छ । मस्यौदा गर्ने काम चैं चलिरहेको छ । यस खालका केही नयाँ विश्वविद्यालयहरू सुरु भएको कानुन बनिसकेर केही कानुन बन्ने प्रक्रियामा रहेको कुरा म यहाँहरूलाई निवेदन गर्न चाहन्छु । त्यसकारण पुरानाहरूलाई पनि सुधार गर्ने प्रक्रियालाई अगाडि बढाउनुपर्ने छ एकातिर भने नयाँहरूलाई पनि केही गर्ने बाटो हामीले खोलिदिनुपर्ने आवश्यकता छ ।

योगमाया आयुर्वेदिक विश्वविद्यालय । कानुन बनेर त्यसले अब काम चैं त्यो कानुनअनुसारको एउटा सिनेट, त्यसको सञ्चालक परिषद् गठन गर्ने प्रक्रिया अगाडि बढेको छ । मदन भण्डारी प्राविधिक विश्वविद्यालयको पनि त्यसको चैं संरक्षक परिषद् मन्त्री परिषद्ले बनाउन अनुमति दिईकन त्यसले पनि अब यो वर्षबाट विद्यार्थी भर्ना गर्ने प्रक्रिया सुरु गरिसकेको छ । यो मदन भण्डारी प्राविधिक विश्वविद्यालय पनि नेपाल विश्वविद्यालय जस्तै जस्तै यो सञ्चालन खर्च चैं सरकारबाट नलिने र विदेशी विद्यार्थीहरूलाई पनि अध्ययन अध्यापनको लागि आकर्षित गर्न सक्ने उद्देश्यका साथमा उहाँहरूले सुरु गर्नुभएको छ । मैले खास गरीकन यी विषयहरूलाई किन निवेदन गरेको हुँ भने हामीले सन्तुलित ढङ्गले नै जानुपर्ने गुण र सङ्ख्या दुइटैलाई गुणलाई जोड दिंदा सङ्ख्यालाई निषेध गर्न पनि नहुनेर सङ्ख्यामा जोड दिंदा गुणप्रति लापरवाही हुन पनि नहुने स्थितिबाट अगाडि बढ्नुपर्ने अवस्था मैले यहाँहरूलाई निवेदन गरें ।

त्रिभुवन विश्वविद्यालयलगायतका केही विश्वविद्यालयहरू अलिकति विद्यार्थी भर्ना चैं घटिरहेको अवस्था छ । क्यालेन्डर मेन्टेन हुन सकिराखेको छैन परीक्षाको । यो कोरोनाले खास गरी अवरोध गरेको स्थिति रहेछ । त्यसलाई सुधार गर्नको लागि भनिएको छ । विषयवस्तुहरूलाई पनि अद्यतन गर्ने । अहिले चैं दुनियामा नयाँ नयाँ मानव ज्ञानका विकास भएको स्थिति छ । रिसर्चहरूले, अनुसन्धानले पत्ता लागेको, अगाडि ल्याएको विषयवस्तुहरूलाई पनि पठनपाठन गराउने गरी विश्वविद्यालयले आफ्नो करिकुलमलाई, पाठ्यक्रमलाई विकास गर्नुपर्ने । र खास गरीकन विश्वविद्यालयको पदाधिकारी छनोट गर्ने प्रक्रिया पनि कहाँ अलिकति अलि अनौठो खालको जस्तो लाग्यो । मलाई म आफैंले शिक्षा मन्त्रालय जिम्मेवारी लिइसकेंपछि त्यो विश्वविद्यालयको पदाधिकारी छनोट गर्ने ऐनलाई पनि हामीले अलिकति सुधार गर्नुपर्छ कि भन्ने पनि मलाई लागेको छ । ताकि एउटा सक्षमताका साथमा विश्वविद्यालयहरूलाई व्यवस्थापन गर्न सकियोस् । यो हिसाबले चालु विश्वविद्यालयहरूलाई पनि सुधार गर्ने र नयाँ र आवश्यक विश्वविद्यालयहरूलाई पनि अगाडि लैजाने । प्रदेशले त्यस ढङ्गले काम गर्छ भने विश्वविद्यालय अनुदान आयोग र संघसँग समन्वय गरीकन आवश्यक विश्वविद्यालयहरू प्रदेशले आफ्नो स्रोतबाट पनि परिचालन गर्ने किसिमको बाटो दिने तर एकाअर्कामा माननीयज्यूहरूले चिन्ता गर्नुभएजस्तै

प्रतिस्पर्धाको स्थिति उछिनपाछिनको स्थिति चैं हुन नपाओस् भन्ने सम्बन्धमा शिक्षा मन्त्रालय सचेत रहेको कुरा म यहाँहरूलाई निवेदन गर्न चाहन्छु ।

र अब चाँडै नै विश्वविद्यालय छात्रा ऐनलाई पनि अगाडि ल्याइने छ । जुन ऐनले मलाई लाग्छ यो विश्वविद्यालयहरूलाई खोल्ने मानदण्ड, तिनको आवश्यकता निश्चित गर्ने मानदण्ड र उनीहरूको बिचमा समन्वय गर्ने पठनपाठनमा एकरूपता ल्याउने, गुणस्तरमा एकरूपता ल्याउने, करिकुलम निर्माणका सम्बन्धमा पनि आवश्यक समन्वय गर्ने सम्बन्धमा चैं काम गर्ने छ । यो ऐनमा पनि प्रक्रियामा रहेको कुरा म माननीयज्यूहरूलाई निवेदन गर्न चाहन्छु ।

माननीयज्यूहरूले राखुभएको जिज्ञासाहरू सम्भवतः सबै नै आइसकेका छन् । यो अब विदेश पलायनलाई रोक्नका निम्ति instrumental होला, काम लाग्दो होला भन्ने हिसाबले नै नयाँ विश्वविद्यालयहरूलाई हामीले चैं अगाडि ल्याइराखेका छौं । अब यो अहिले हामीले चैं पठनपाठनमा खास गरी प्राविधिक शिक्षामा जोड दिइराखेका छौं, सिपयुक्त शिक्षामा । त्यसो गरिरहँदाखेरि अलिकन प्राविधिक शिक्षाबाट उत्तीर्ण गर्ने एउटा डिग्री प्राप्त गर्ने विद्यार्थीहरूमा अलि रोबोटिक खालको प्रवृत्ति भयो । अलि बढी कमाइ काजमा मात्रै, अलि बढी पैसामा मात्रै आकर्षित हुने हो कि? त्यसले गर्दा पनि विदेश पलायन, भौतिक तथा पलायन हुने स्थिति भएको हो कि? भन्ने अर्थमा यो liberal arts को अलिकति महत्त्व छ भन्ने लागेको छ । यहाँहरूले समितिमा पनि पर्याप्त छलफल गर्नुभएकै छ । मुलुकको इतिहास, मुलुकको संस्कृति, मुलुकको चैं आवश्यकता, देशभक्ति, सदाचार, दया, करुणा, सद्भावना होइन यो सबै चिज चैं प्राविधिक शिक्षा सँगसँगै उनीहरूलाई दिन सकियोस्, विद्यार्थीहरूलाई । देशप्रमे सिकाउन सकियोस् । र उनीहरूले पढिसकेपछि आफ्नै देशमा दुःख गरेर म मेरो माटो सिङ्गार्छु, दुःख गरेर म मेरो देश बनाउँछु, मेरो देशको जनताहरूको सेवा गर्छु, यसको विकास र उन्नतिको निम्ति मेरो प्रतिभा, योग्यता, क्षमता, बुद्धि, वर्ग चैं म प्रयोग गर्छु भन्ने किसिमको एउटा अभिमुखीकरण पनि गर्ने गरीकन यो liberal arts को चाहिँ एउटा कोर्स डिजाइन गर्दाखेरि केही राम्रो होला भन्ने अपेक्षा गरिएको हो ।

अब भौतिक संरचनाको बारेमा माननीयज्यूहरूले राखुभएको जिज्ञासाको बारेमा मैले कुरा गरी नै हालें । निश्चय नै हो । क्याम्पस बनाउन कुनै हामीलाई भौतिक संरचनाको आवश्यकता पर्छ । तर यसले पनि भौतिक संरचना बनाउनका निम्ति १ सय बिघा जग्गा प्राप्त गर्ने सबै प्रक्रिया पूरा गरेर अब मन्त्री परिषद्मा त्यो प्रस्ताव चैं जान लागेको छ । र त्यो प्रस्ताव पास हुने सँगसँगै न्यूनतम संरचनाहरू बनाउने काममा चाहिँ उहाँहरू जुट्नुहुने अवस्था छ । अथवा यो विकास यो चैं विश्वविद्यालय, पूर्वाधार विकास समिति बनाएको छ सरकारले । त्यो पूर्वाधार

विकास समिति चैं त्यो काममा जुट्ने विश्वास म दिलाउन चाहन्छु । त्यसकारण माननीयज्यूहरूको जुन चिन्ता छ, त्यो चिन्तालाई पूर्णतः सम्बोधन हुने विश्वास व्यक्त गर्दै यो विधेयकलाई पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

(१५:४७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "नेपाल विश्वविद्यालय विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २५ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "नेपाल विश्वविद्यालय विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २५ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "नेपाल विश्वविद्यालय विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २५ सम्म उल्लिखित संशोधनहरू "नेपाल विश्वविद्यालय विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "नेपाल विश्वविद्यालय विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २५ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले "नेपाल विश्वविद्यालय विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ५८ सम्मका दफाहरू "नेपाल विश्वविद्यालय विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि ५८ सम्मका दफाहरू सर्वसम्मतिले "नेपाल विश्वविद्यालय विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावनाः** उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धानलाई गुणस्तरीय, जीवनोपयोगि, नवप्रवर्तनकारी तथा समयसापेक्ष बनाइ मुलुकको सर्वाङ्गीण विकासका लागि योगदान दिन सक्ने दक्ष, जिम्मेवार, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्ने उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "नेपाल विश्वविद्यालय ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "नेपाल विश्वविद्यालय विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "नेपाल विश्वविद्यालय विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई "नेपाल विश्वविद्यालय विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१५:५२ बजे) <u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राई</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "नेपाल विश्वविद्यालय विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१५:५२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "नेपाल विश्वविद्यालय विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार १९ गते मङ्गलवार १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार १९ गते मङ्गलवार १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:५२ बजे ।**